
International Foundation
for Electoral Systems

# स्वास्थ्य र
# निर्वाचनको सुरक्षा



# स्वास्थ्य र निर्वाचनको सुरक्षा

**लेखकहरू :**

फर्नाण्डा बुरिल, विद्यावारिधि

वरिष्ठ शोध अधिकृत, आईएफईएस

स्टाफन डारनोल्फ, विद्यावारिधि

सिनियर ग्लोबल इलेक्टोरल अपरेसन्स एण्ड एडमिनिट्रेसन (प्रशासन) एडभाइजर (सल्लाहकार), आईएफईएस

4

मुलुकेन असिरेसा, एम.डी.

वरिष्ठ प्राविधिक सल्लाहकार, स्वास्थ्यका लागि व्यवस्थापन विज्ञान

**मुख्य सम्पादक :**

एरिका सेन

निर्देशक, व्यावहारिक अनुसन्धान तथा सिकाइ केन्द्र, आईएफईएस

4

**सम्पादकहरू :**

चड भिकेरी

उपाध्यक्ष, ग्लोबल स्ट्राटेजी एण्ड टेक्निकल लिडरसिप, आईएफईएस

4

एन्जिला क्यान्टेबरी

निर्देशक, रणनीतिक सञ्चार तथा पैरवी, आईएफईएस

कोभिड-१९ बारे संक्षिप्त जानकारी (ब्रिफिङ) श्रृङ्खला : स्वास्थ्य र निर्वाचनको सुरक्षा

प्रतिलिपि अधिकार © २०२० । इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्समा सर्वाधिकार सुरक्षित

पुनः प्रकाशनबारे अनुमतिसम्बन्धी भनाइ : यस प्रकाशनको कुनै पनि हिस्साको विद्युतीय वा यान्त्रिक वा कुनै पनि माध्यमबाट फोटोकपि वा अभिलेखन, पुस्तक अभिलेखीकरण वा पुनः प्राप्ति गर्न आईएफईएसको लिखित अनुमति विना पाइने छैन ।

प्रकाशनबारे अनुमति प्राप्त गर्नका लागि अनुरोधपत्रमा निम्नानुसारका कुराहरू समावेश गर्नुपर्छ :

जुन प्रकाशन सामग्रीका लागि फोटोकपि गर्ने अनुमति चाहिएको हो, त्यसको विवरण ।

फोटोकपी प्रयोगको उद्देश्य र त्यसलाई कसरी प्रयोग गरिन्छ भन्ने विवरण ।

प्रयोगकर्ताको पूरा नाम, कम्पनी वा संस्थाको नाम, टेलिफोन नम्बर, फ्याक्स नम्बर, इमेल ।

कृपया देहायको ठेगानामा अनुमतिका लागि अनुरोध पठाउनुहोस् :

इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्स

२०११ क्रिस्टल ड्राइभ, टेन्थ फ्लोर

अर्लिङटन, भीए २२२०२

इमेल : editor@ifes.org

फोन : २०२.३५०.६७०१

# विषयसुची


हाम्रो भनाई ........................................ ३

प्राक्कथन ........................................ ४

मूलभूत सारांश ........................................ ४

कार्यकारी सारांश ........................................ ५

परिचय ........................................ ११

सार्वजनिक जनस्वास्थ्य र निर्वाचन ........................................ ११

कोभिड-१९ के हो ? ........................................ १२

पुस्तकको उद्देश्य र संरचना ........................................ १४

मुलभूत निष्कर्ष र सिफारिस ........................................ १७

कोभिड-१९ का समयमा जनस्वास्थ्यसम्बन्धी जोखिम न्यूनीकरणका लागि सामान्य विचार ................ १७

स्वास्थ्य अधिकारी तथा अन्य सान्दर्भिक संस्थाहरूसँग समन्वय ........................................ १९

चरण १ : निर्वाचन पूर्वका क्रियाकलाप ........................................ २०

चरण २ : निर्वाचनको दिन तथा निर्वाचन पश्चात्का क्रियाकलाप ........................................ ३५

अनुगमन तथा गुणस्तर नियन्त्रण ........................................ ४१

# हाम्रो भनाइ

कोभिड-१९ ले मानव जीवन, अर्थतन्त्र तथा स्वास्थ्य प्रणालीमा विनाशकारी असर पार्ने आशङ्का गरिएको छ । लोकतन्त्रका लागि यो एउटा खास जटिल क्षण बनेर आएको छ । दुई दशकको अवधिमा पहिलो पटक धेरैजसो मुलुक (भी-डेम २०२० डेमोक्रेसी रिपोर्ट[1] का अनुसार ९२ मुलुक) तानाशाही परिपाटीका रूपमा देखापरेका छन् । तानाशाहीकरणको यो तेस्रो लहरले लामो समयदेखि लोकतन्त्रको किल्ला मानिएका मुलुकहरू पनि प्रभावित भएका छन् । अहिले, कोभिड-१९ ले सम्भावित तानाशाहीहरूलाई सरकारको संरचनामा पकड जमाउने र मानव अधिकार संरक्षणमा व्यवधान खडा गर्ने कार्यलाई थप बलियो बनाउन सघाएको छ ।

यो चुनौतीपूर्ण समयमा नागरिक र लोकतन्त्र दुवैको स्वास्थ्य जोगाउने प्रयत्नमा सरकारी अधिकारी, राजनीतिक दल, उम्मेदवार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदाय सहभागी हुन सक्छन् । यस दिशामा निर्वाचनलाई महत्वपूर्ण तत्व मान्न सकिन्छ किनभने यसले लोकतान्त्रिक संस्था र विधिको शासनलाई सुदृढ बनाउदँछ । यस्तो सङ्कटमा निर्वाचनलाई दुरूपयोग गरेमा आधारभूत स्वतन्त्रतामा दीर्घकालीन क्षयीकरण, निश्चित समूह वा व्यक्ति शक्तिमान बन्ने तथा भ्रष्टाचार बढ्ने अवस्था आउँछ । यस्ता समस्याको हल निकाल्न निर्वाचनका हर्ताकर्ताहरूले अब के कसरी अगाडि बढ्ने भन्नेबारे योजना बनाउँदै निर्णायक र पारदर्शी किसिमले अघि बढ्नुपर्छ । उनीहरूले स्थगन गरेर वा कमजोर किसिमले निर्वाचन सञ्चालन गरेका कारणले यी काम गर्न ढिला भएमा सार्वजनिक स्वास्थ्य र लोकतान्त्रिक अधिकारमा आउने जोखिम घटाउन ढिला हुनेछ ।

विश्वव्यापी रूपमै विश्वसनीय साझेदार भएकाले इन्टरनेसनल फाउण्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) सुरक्षित र विश्वसनीय किसिमले निर्वाचन सञ्चालनका लागि सही निर्णय लिन उपयुक्त प्राविधिक सहयोग तथा सही जानकारी दिने कार्यमा प्रतिबद्ध छ । सार्वजनिक स्वास्थ्यका विज्ञहरूसँगको समन्वय तथा परामर्शमा यो पुस्तक (पेपर) तयार पारिएको हो, जुन हाम्रा साझेदारहरूलाई नयाँ चुनौतीको सामना गर्न र आफूहरू थप परिपक्व हुन सघाउने उत्पादन हो । सँगसँगै, सदाझैँ बाधा-व्यवधान हटाउने र सबैका लागि हितकर लोकतन्त्र निर्माणमा आईएफईएसको प्रयत्न जारी रहनेछ ।

एन्थोनी एन. बानबरी

आईएफईएसका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत

---

[1] अन्ना लुहर्मान, सेराफिन एफ. मार्ज, सान्ड्रा ग्राह्न, नजिफा अलिजाडा, लिसा गस्टला, सेबास्टियन हेलमियिर, ग्यारी हिडल तथा स्टफन आई. लिण्डवर्ग । २०२० । अटोक्रेटाइजेसन सर्जस्-रेसिस्टेन्स ग्रोज । डेमोक्रेसी रिपोर्ट २०२० । भेराइटिज अफ डेमोक्रेसी इन्स्टिच्युट भी-डेम ।

स्रोत: https://www.v-dem.net/media/filer_public/f0/5d/f05d46d8-626f-4b20-8e4e-53d4b134bfcb/democracy_report_2020_low.pdf

# प्राक्कथन

यो पुस्तकको समीक्षा तथा अमूल्य योगदानका लागि जनसङ्ख्या स्वास्थ्यका म्यानेजमेन्ट साइन्स फर हेल्थका वरिष्ठ निर्देशक डा. इल्क कोनिङ्स, युक्रेनका लागि आईएफईएसका कार्यक्रम सल्लाहकार मेरिडिथ एप्पलगेट, आईएफईएसका सिनियर ग्लोबल इन्क्लुजन एडभाइजर भर्जिनिया एटकिन्सन, सिनियर प्रोग्राम अफिसर गिना चिरिलो, आईएफईएसका ग्राफिक्स डिजाइनर किटन भ्यान बेभेरन तथा आईएफईएसका सञ्चार अधिकृत जेनिन डफीलाई लेखकहरू धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

## लेखकहरूको भनाई

विभिन्न निर्वाचन प्रणालीको प्रयोग र उपयोगिता कायम गर्दै यो मार्गनिर्देशिकालाई यथासम्भव व्यावहारिक बनाउन आईएफईएसले धेरै प्रयास गरेको छ । यद्यपि, निश्चित सुझावहरू कार्यान्वयन गर्ने सम्भावना धेरै हदसम्म हरेक देशको कानुनी ढाँचामा निर्भर रहन्छ । कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणले कस्तो रूप लिन्छ र यसले मानव स्वास्थ्यमा दैनिक कस्तो प्रभाव पार्छ भन्ने प्रमाण जुटाउनु पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ । यस मार्गनिर्देशिकामा प्रस्तुत कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी जानकारी यस पुस्तक प्रकाशनको समयसम्म उपलब्ध ज्ञानमा आधारित छ ।

यी सुझावहरूले सार्वजनिक स्वास्थ्यमा पार्ने असरलाई न्यून गर्ने, निर्वाचनमा सहभागिता हुने बारे मतदाता र निर्वाचन अधिकारीहरूको आत्माविश्वास बढाउने अपेक्षा गरिएको भए पनि विभिन्न सन्दर्भले विभिन्न तहका जोखिम निम्त्याउने पनि देखिन्छ । स्वयं उपस्थित भई गरिने मतदान सधैं राम्रो विकल्प नहुन सक्छ । निर्वाचन गतिविधि के कसरी सञ्चालन गर्ने भन्ने निर्णय लिनका लागि विश्वसनीय र दक्ष स्थानीय स्वास्थ्य अधिकारीहरूसँगको समन्वयमा गहन किसिमले जोखिम मूल्याङ्कन गर्नु आवश्यक छ । निर्वाचन एक राजनीतिक क्रियाकलाप भएको कारण सार्वजनिक स्वास्थ्यमा जटिलता आएको समयमा राजनीतिक दल, नागरिक समाज लगायतका सरोकारवालासँगको छलफल तथा अन्तरक्रियाबाट आउन सक्ने जोखिमबारे साझा धारणा तयार गरेरमात्र निर्वाचन सफल हुने बढी सम्भावना रहन्छ ।

# कार्यकारी सारांश

## परिचय

सामान्यतः निर्वाचन बृहत् र राष्ट्रव्यापी कार्यक्रम हो । निर्वाचनको दिनमा मात्र नभई निर्वाचन प्रचार अभियान तथा मतदाता नामावली दर्ताका समयमा पनि नागरिकको ठूलो सहभागिता रहन्छ । यस्ता कार्यक्रमबाट नागरिक-नागरिकबीच सम्पर्क बढ्ने र प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कोरोना भाइरसको सङ्क्रमण बढ्ने खतरा रहन्छ । सङ्क्रमणले महामारीको रूप लिए पनि केही निर्वाचन व्यवस्थापन निकायसँग निर्वाचनसम्बन्धी गतिविधि कसरी सञ्चालन गर्ने भन्नेबारे सघन योजना हुन्छ । सार्वजनिक स्वास्थ्यमा चुनौती थपिँदा अपर्याप्त समय, स्रोत-साधन तथा सूचनाका भरमा आवश्यक समायोजन र निर्वाचन सञ्चालन गर्न सहज हुँदैन । यसको प्रमाण स्वरूप कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण हालसम्म ६० देश निर्वाचन स्थगित गर्न बाध्य भएका छन् ।[1] सार्वजनिक स्वास्थ्यमा सङ्कट रहँदा रहँदै पनि निर्वाचन गर्ने निर्णय गरेका निर्वाचन व्यवस्थापन निकायहरूले स्वास्थ्यसम्बन्धी जनसरोकार[2]बारे सम्बोधन गर्न असफल भएका छन् । जसले गर्दा मत कम खस्ने, निर्वाचनको विश्वसनीयतामा प्रश्न उठ्ने, मतदान कर्मचारीको सङ्ख्या घट्ने र कतिपय निर्वाचनमा खटिएका कर्मचारी समेत सङ्क्रमित हुने अवस्था आएका छन् ।[3]

इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स् (आईएफईएस) ले म्यानेजमेन्ट साइन्स फर हेल्थ (एमएसएच) सँगको सहकार्यमा संसार भरका निर्वाचन व्यवस्थापन निकायलाई जटिल परिस्थितिसँग जुध्न यो पुस्तक तयार पारेको हो । यसमा सबै मुख्य निर्वाचन प्रक्रियाका लागि सबै सामान्य जनस्वास्थ्य सरोकार र कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणको खतरा न्यूनीकरणका लागि सुझावहरूलाई जोड दिइएको छ । यस श्वेतपत्रमा प्रस्तुत गरिएका सिफारिस विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) र यूएस सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन ( सीडीसी) ले एकदमै नवीनतम प्रमाण तथा प्रकाशनको समयमा गरिएका वैज्ञानिक अध्ययन तथा यही सन्दर्भमा निर्वाचन व्यवस्थापन निकायले गरेका असल अभ्यास तथा सफल उपायहरूमा आधारित छ ।

## समस्याको परिभाषा

निर्वाचन व्यवस्थापन निकायसँग आवश्यक सामाग्री व्यवस्थापन तथा नयाँ प्रक्रियालाई आत्मसात गर्न सीमित समय र स्रोत-साधन भएकाले जोखिम न्यूनीकरणसम्बन्धी प्रयास व्यापक रणनीतिको हिस्सा बन्नुपर्छ, जसले स्रोत-साधनको बढोत्तरी गर्ने र कोरोना भाइरस (कोभिड-१९) को सन्दर्भमा सुसूचित हुने कुरालाई सुनिश्चित गर्छ । यी उपायहरूलाई राम्रोसँग कार्यान्वयन गरियो भने सङ्क्रमणको विस्तार रोक्न र निर्वाचन प्रक्रियामा सङ्क्रमित हुने नागरिकको डर त्रासलाई तर्कपूर्ण किसिमले घटाउन सकिन्छ । अन्यथा, मतदाताको सहभागिता एकदमै घट्ने र निर्वाचनको नतिजाको आधिकारिकता माथि प्रश्न उठ्छ ।

यस पुस्तकमा दिइएका सुझावहरूले सार्वजनिक स्वास्थ्यमा पर्ने जोखिमलाई घटाउने र मतदाताका साथै निर्वाचन अधिकारीहरूको मनोबल बढाउनेछ । विभिन्न सन्दर्भमा विभिन्न प्रकारका जोखिम देखा पर्न सक्छन् । व्यक्तिगत निर्णयका आधारमा चालिएका कदम हरदम उचित उपाय नहुन सक्छ । कहाँ र कसरी निर्वाचनसम्बन्धी क्रियाकलाप सफलतापूर्वक सञ्चालन गर्ने भन्नेबारे उचित निर्णय लिनु आवश्यक छ, जसका लागि देहायबमोजिम ध्यान दिनुपर्छ :

- सार्वजनिक स्वास्थ्यसम्बन्धी दक्ष अधिकारीहरूसँगको समन्वयमा तयार पारिएको सघन जोखिम मूल्याङ्कनबारे सरोकारवालाहरूलाई जानकारी दिनुपर्छ,
- देशको समग्र निर्वाचन क्षेत्रको प्रतिनिधित्व हुने गरी राजनीतिक दल र नागरिक समाजका दृष्टिकोणहरूलाई समावेश गर्नुपर्छ, र
- कोरोना भाइरस (कोभिड १९) को महामारी बीच निर्वाचन सञ्चालन गर्दा सम्भावित जोखिमबारे साझा समझदारी कायम हुनुपर्छ ।

## मूलभूत निष्कर्ष र सिफारिसहरू

डब्लूएचओ[4] र सीडीसी[5] बाट प्राप्त ताजा प्रमाणहरूका अनुसार कोरोना भाइरस (कोभिड-१९) व्यक्तिबाट व्यक्तिमा नाक र मुखबाट निस्कने श्वास तथा र्‍यालका कण 'भाइरल ड्रपलेट' बाट सर्छ । साथै, यस्ता भाइरसद्वारा प्रदूषित हुने वस्तुहरूसँगको अप्रत्यक्ष सम्पर्कबाट पनि सर्न सक्छ । निर्वाचन प्रक्रियासँग सम्बन्धित ४० भन्दा बढी बुँदामा मानिसहरुको भेला वा वस्तुहरूको प्रसार पनि समाविष्ट छ । यस्तो अवस्थामा सुरक्षात्मक उपाय अपनाइएन भने भाइरस सर्ने सम्भावना रहन्छ। यी सामान्य वार्तालापका साथै निर्वाचन चक्रको सबै चरणमा देखा पर्छन्, जुन निर्वाचनको दिनमा मात्र सीमित छैनन् । कोरोना भाइरस ( कोभिड १९) को सङ्क्रमणको रोकथामबारे यी विधिहरूलाई ध्यानमा राख्दै निम्नानुसारका सिफारिसलाई निर्वाचनसम्बन्धी गतिविधिहरूमा लागू गर्नुपर्छ :

- सार्वजनिक स्वास्थ्यसम्बन्धी दक्ष अधिकारीसँग जोखिम विश्लेषण, निर्णय, योजना र जोखिम न्यूनीकरणको प्रभावकारी कार्यान्वयनबारे सञ्चार र समन्वय गर्ने,
- व्यक्ति व्यक्तिबीचको वार्तालापलाई सीमित गर्ने । भौतिक दूरी कायम गर्नुहोस्, व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) र सम्भव हुँदासम्म टाढैबाट सम्पादन गर्न सकिने विधि र संयन्त्रलाई उपयोगमा ल्याउने,
- धेरैको सम्पर्कमा आउने सतह वा वस्तुमा प्रदूषण रोक्ने वा घटाउने । व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) र श्वास प्रश्वास प्रक्रियालाई शुद्ध राख्ने मास्क प्रयोग गर्ने । सम्भव भएसम्म छुन नपर्ने संयन्त्रलाई प्रयोग गर्ने ।
- मानिसहरू धेरैको सम्पर्कमा आउने सतह वा वस्तुसँगको सम्पर्कबाट रोक्ने । साबुन, मदिरा प्रयोग भएका तरल पदार्थको ह्याण्ड स्यानिटाइजेसन प्रयोग गर्न प्रेरित गर्ने । मुख, नाक, आँखा छुने कार्यलाई दुरुत्साहन गर्ने । धेरै मानिसले प्रयोग गर्ने सतह र वस्तुलाई बारम्बार कीटाणुरहित बनाउने । व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) प्रयोग गर्न लगाउने । सम्भव भएसम्म छुन नपर्ने संयन्त्रलाई प्रयोगमा ल्याउने ।

यी महत्वपूर्ण उपायहरूका अतिरिक्त निर्वाचन व्यवस्थापन निकायले निर्वाचनसम्बन्धी हरेक क्रियाकलापमा तलका सुझावहरूलाई ध्यान दिएमा राम्रो हुनेछ :

रेखाचित्र १: निर्वाचन क्रियाकलापका लागि ध्यान दिनुपर्ने कुराहरू

| निर्वाचन क्रियाकलाप | थप विचार |
|---|---|
| **निर्वाचन तथा स्रोतसम्बन्धी योजना** | निर्वाचन स्थगित गर्दा कानुनी प्रावधानहरू पालना गर्ने कुरालाई सुनिश्चित गर्नुहोस् । जतिसक्दो चाँडो निर्वाचन तालिका बनाउन वातावरण तयार गरी योजना सञ्चालन गर्नुहोस् । निर्वाचन क्यालेन्डर र बजेट समायोजन गर्नुहोस् । अद्यावधिक गरिएका विषय सार्वजनिक गर्नुहोस् । |
| | निर्वाचन तालिका बनाउँदा रोगको संक्रमण, रोग संक्रमणको चरण, स्वास्थ्य सेवाको प्रणाली र संरचना, मौसम/ऋतुबारे पनि विचार गर्नुहोस् । |
| | संक्रमणको जोखिम घटाउन प्रक्रियागत समायोजन गर्नुहोस् । असामान्य र थप सामग्री, उपकरण तथा वस्तुहरू पहिचान गरी खरिद गर्नुहोस् । आवश्यक कर्मचारी नियुक्ती गर्नुहोस् । आपूर्ति प्रणालीको सम्भावित अवरोधको अनुगमन गर्नुहोस् । |
| | थप सामग्री, उपकरण, जनशक्ति तथा प्रक्रियाका लागि आर्थिक व्यवस्थापन गर्नुहोस् । आवश्कताको प्राथमिकीकरण गर्नुहोस् । उच्चतम क्षमता प्रयोग गरेर स्रोतहरू बढाउनुहोस् । |
| **निर्वाचन प्रचार प्रसार** | राजनीतिक दल, उम्मेदवार, नागरिक समाज तथा सञ्चार माध्यमका लागि कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी सन्देश र निर्देशनलाई सरलीकरण गर्नुहोस् । विद्यमान आचार संहितामा कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी प्रावधान समावेश गर्नुहोस् । |
| | राजनीतिक लाभका लागि कोभिड-१९ बारे दुस्प्रचार गर्ने व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई त्यसो गर्नबाट रोक्नुहोस् । |
| | सार्वजनिक ¥याली, छलफल तथा जमघटमा अपनाउनुपर्ने सचेतनाबारे निर्देशन दिनुहोस् । |
| | दुर्गम क्षेत्रमा निर्वाचन अभियान सञ्चालनका लागि सञ्चार माध्यम तथा अन्य उपायहरूको उचित किसिमले उपयोग गर्नुहोस् । |
| **मतदाता शिक्षा** | मतदातालाई कोरोना भाइरस (कोभिड-१९) बारे नियमित रुपमा प्रष्ट र पहुँचयोग्य सूचना दिनुहोस् । कोभिड-१९ को विस्तार हुने प्रक्रिया र यसविरुद्ध लड्ने उपायबारे पनि जानकारी दिनुहोस् । स्वास्थ्य शिक्षामा भएका असल अभ्यासहरूको अनुशरण गर्नुहोस् (प्रभावकारी आवाजको प्रयोग गरी छोटो सन्देश जसमा मिठो शब्दको प्रयोग तथा साँस्कृतिक दृष्टिले सान्दर्भिक श्रव्यदृश्य हुनु पर्दछ) । |

| | |
|---|---|
| | नयाँ निर्वाचन प्रक्रिया के हो र त्यसलाई कसरी पालना गर्ने भन्नेबारे प्रष्ट र पहुँचयोग्य नियमित रुपमा सूचना दिनुहोस् । |
| | रोगसँग सम्बन्धित दुस्प्रचार र अल्पसङ्ख्यक तथा समाजलाई हानी पुऱ्याउने घृणास्पद अभिव्यक्तिलाई रोक्नुहोस् । |
| **मतदान तथा अन्य कर्मचारीको नियुक्ती र तालिम** | संभव भएसम्म अनलाइन प्लेटफर्म प्रयोग गरी कर्मचारीको आवेदन प्राप्त गर्नुहोस् । स्वयं उपस्थिति भई अन्तरवार्ता लिनका लागि सामाजिक दुरी कायम हुने गरी पर्याप्त ठाउँ भएको स्थान प्रयोग गर्ने तथा हात निर्मलीकण गर्ने र अन्तरवार्ता लिने र दिने दुवैले मास्कको प्रयोग गर्नुहोस् । |
| | धेरै जोखिममा रहेका व्यक्ति र स्वास्थ्यकर्मीलाई मतदान कर्मचारीको जिम्मेवारीबाट हटाउनुहोस् । |
| | तालिमको विषयवस्तुमा कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी जानकारी, खासगरी रोग सर्ने माध्यम र रोकथामका उपायहरूलाई समावेश गर्नुहोस् । |
| | कोभिड-१९ का कारण अपनाइएको नयाँ प्रक्रियासम्बन्धी निर्देशनलाई समावेश गर्नुहोस् । |
| | पर्याप्त भौतिक दूरी कायम गर्नका लागि पर्याप्त ठाउँ भएको तालिम स्थल छनोट गर्नुहोस् । तालिमको अवधिभरि सबै सहभागीलाई हात सफाई सम्बन्धी संहिता र व्यक्तिगत सुरक्षा उपकरणको उपलब्धता सुनिश्चित गर्नुहोस् । |
| | अनलाइन तथा दूर तालिममा समावेशिता र पहुँच योग्यतालाई सुनिश्चित गर्नुहोस् । |
| | अनलाइन तालिम सफलतापूर्वक सम्पन्न गर्ने कार्य सुनिश्चित तुल्याउनका लागि आवश्यक संयन्त्र समावेश गर्नुहोस् । |
| **मतदाता दर्ता, उम्मेदवारी दर्ता, मतदान, मतगणना तथा नतिजा प्रकाशन (व्यवस्थापन)** | पर्याप्त भौतिक दूरी कायम गर्नका लागि पर्याप्त ठाउँ भएको स्थान छनोट गर्नुहोस् । यस्तो स्थान जोखिममा रहेका व्यक्तिहरू बस्ने स्थानभन्दा टाढा हुनुपर्छ । यस्ता व्यक्तिहरूको सहभागिताका लागि वैकल्पिक व्यवस्था सुनिश्चित गरिनुपर्छ । |
| | एकै समयमा सुविधा प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या घटाउनुहोस् । दैनिक सङ्ख्या वा स्थान बढाउनुहोस् । एक कार्यका लागि एक समूह मात्र परिचालन गर्नुहोस् । |
| | लाइनमा बस्दा, मतदान स्थलमा प्रवेश गर्दा तथा बाहिरिँदा पालना गर्नुपर्ने कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी जोखिम न्यूनीकरण संहिता तयार |

| | |
|---|---|
| | पारी कार्यान्वयन गर्नुहोस् । |
| | कोभिड-१९ सम्बन्धी जानकारी उच्च महत्वका साथ सार्वजनिक रूपमा प्रदर्शन गर्नुहोस् । |
| | पर्याप्त मात्रामा हात सफाइ गर्ने स्थानहरूको व्यवस्था गर्नुहोस् । |
| | मतदातालाई आफ्नै कलम लिएर आउन र प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । |
| | टाढैबाट परिचयपत्र जाँच गर्ने विधि विकास गर्नुहोस् । |
| | भौतिक दूरी कायम गर्नुपर्ने आवश्यकता अनुरूप फाराम भर्ने निश्चित स्थान तोक्नुहोस् । |
| | भौतिक दूरी पालना हुने गरी निर्वाचन कर्मचारी, पर्यवेक्षक, दलका प्रतिनिधि तथा सञ्चार माध्यमका प्रतिनिधिहरूका लागि डेक्स तथा कुर्सीको व्यवस्था गर्नुहोस् । धेरै जना बस्न मिल्ने कुर्सी तथा अन्य अनावश्यक सुविधाहरू हटाउनुहोस् । मतदाता र निर्वाचन कर्मचारीहरूबीच अन्तरक्रिया हुने काउण्टरमा पारदर्शी शिशा (प्लेक्सिग्लास) तथा प्रकाश मात्र छिर्ने (ट्रान्सलुसेन्ट) कवच लगाउनुहोस् । |
| | उपयुक्त सरसफाई र सरसफाईसम्बन्धी निर्देशन प्राप्त गर्नका लागि उपकरण उपलब्ध गराउने प्रदायक तथा उत्पादकहरूसँग सम्पर्क गर्नुहोस् । |
| | सुरक्षित किसिमले फोहरमैला सङ्कलन गरी थन्क्याउनुहोस् । |
| | हुलाकबाट पठाइएको मेल-इन (मतपत्र) तथा मतपत्रमा सम्भव भएसम्म आफैं बन्द हुने खाम प्रयोग गर्नुहोस् । |
| | अनलाइन तथा दूर मतदान विधिमा समावेशिता र पहुँचयोग्यतालाई सुनिश्चित गर्नुहोस् । |
| **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा दलका प्रतिनिधिहरू** | कुनै पनि योग्य नागरिकलाई निर्वाचन पर्यवेक्षक बनेर सेवा गर्ने अधिकारबाट बञ्चित गरिनुहुँदैन । |
| | प्रमाणीकरण प्रक्रियाका लागि मतदाता नामवली दर्ता, उम्मेदवारी दर्ता तथा मतदानबारे सावधानी अपनाउनुहोस् । |

# परिचय

सामान्यतः निर्वाचन बृहत् र राष्ट्रव्यापी कार्यक्रम हो । निर्वाचनको दिनमा मात्र नभई निर्वाचन प्रचार प्रसार अभियान तथा मतदाता नामावली दर्ताका समयमा पनि नागरिकको ठूलो सहभागिता रहन्छ । यस्ता सहभागिताले मानव-मानवबीचको सम्पर्क बढाउँछ । भाइरयुक्त सतहको सम्पर्कमा आएर वा अन्य कारणले मानिसमा भाइरस सर्ने जोखिम रहन्छ । रोग फैलिएको समयमा यसप्रकारका कार्यक्रम आयोजना गर्दा सार्वजनिक स्वास्थ्यमा गम्भीर जोखिम आउन सक्छ । तर, यस्ता कार्यक्रम आयोजना नगर्दा पनि कठोर मेहनतबाट स्थापित स्थायित्व र लोकतान्त्रिक संस्था माथि अन्याय हुन जान्छ । यस्तो अवस्थामा सरकारी अधिकारीहरू निर्वाचन सञ्चालन गर्ने कि नगर्ने भन्नेबारे दोधारमा परेको पाइन्छन् । यस्तो अवस्थामा निर्वाचन सञ्चालन क्रियाकलाप तालिकालाई समायोजन गर्नुपर्ने एवं नयाँ तथा सुधारिएको प्रक्रिया लागू गर्ने अवस्था आउन सक्छ, जसले भाइरस सर्ने सम्भावना घटाउने तथा आवश्यक सामग्रीका लागि आर्थिक स्रोत जुटाउने र बोलपत्र आह्वान गर्ने अवसर दिन्छ । निर्वाचन अधिकारीहरूले सबै परिवर्तन उपयुक्त र स्वीकार्य छ भन्ने सुनिश्चित गर्न राजनीतिक वृत्तका साझेदारहरूसँग समन्वय गर्नुपर्छ । किनभने राय परामर्शको माध्यमबाट निर्णय प्रक्रिया अघि बढाउँदा निर्वाचन प्रक्रियाको संशोधन सफल र स्वीकार्य हुनपुग्छ ।


## सार्वजनिक जनस्वास्थ्यमा सङ्कट र निर्वाचन

विश्व स्वास्थ्य सङ्गठनको परिभाषा अनुसार 'जैविक आतङ्कवाद वा महामारी वा (क) नयाँ र अत्यधिक घातक सङ्क्रामक तत्व वा जैविक विषादिका कारण हुने विमारी वा स्वास्थ्य स्थितिमा आउने खतरालाई सार्वजनिक स्वास्थ्यमा सङ्कट भनिन्छ, जसले धेरै मानवीय सुविधामा सघन खतरा निम्त्याउँछ वा मानिसमा स्थायी वा दीर्घकालीन असक्षमता ल्याउँछ ।'[6] सार्वजनिक स्वास्थ्य सङ्कट व्यवस्थापनसम्बन्धी विशेषज्ञहरू जटिल अवस्थामा बुद्धिमत्तापूर्ण निर्णय लिनुपर्ने आवश्यकतालाई प्रतिविम्बित गर्दै स्वास्थ्य सङ्कटको अलि फराकिलो परिभाषा दिन्छन् । उनीहरूका अनुसार, 'आधारभूत संरचना वा प्रणालीको आधारभूत मूल्य-मान्यतामा गम्भीर खतरा नै सङ्कट हो, जसमा समयको चाप र उच्चतम् अनिश्चित परिस्थितिका कारण गम्भीर निर्णयहरू लिनुपर्ने हुन्छ ।'[7] यी गम्भीर निर्णयहरूमा देशको स्वास्थ्य प्रणाली मात्र होइन, समस्यालाई थप जटिल बनाउन र समस्या समाधानमा लागेका व्यक्ति र पद्धतिलाई थप बोझिलो बनाउन प्रत्यक्ष वा परोक्ष रूपमा जिम्मेबार रहेका तमाम गतिविधि समेटिन्छन् ।

निर्वाचन र त्यससँग सम्बन्धित गतिविधिमा प्रायःजसो आमसभाहरू गरिन्छ, जसमा प्रत्यक्ष वा परोक्ष रूपमा व्यक्तिबाट व्यक्तिमा रोग सर्ने सम्भावना बढ्छ । जोखिम घटाउने उपयुक्त रणनीति विना आयोजना गरिएको निर्वाचनसम्बन्धी गतिविधिले सङ्क्रमणको दर बढाउने र बढी करले थिचिएको स्वास्थ्य प्रणाली पतन हुने अवस्था आउन सक्छ । यस्ता स्वास्थ्यसम्बन्धी चुनौतीले घेरिँदा घेरिँदै पनि कतिपय मुलुक निर्वाचन सम्पन्न गर्न सापेक्षित रूपमा सफल भएका छन् । जस्तो, अमेरिकाले सन् १९१८ को स्पेनिस फ्लु[8], लाइबेरियाले सन् २०१४ को इबोला महामारी[9] र भर्खरै दक्षिण कोरियाले कोरोना भाइरस (कोभिड-१९) महामारी[10]को समयमा निर्वाचन सम्पन्न गरे । यी मुलुकले सार्वजनिक स्वास्थ्य सङ्कटका समयमा पनि निर्वाचन गर्न सम्भव छ भन्ने देखाई दिए । तर, पहिले नै महामारीको अवस्थाबाट बच्न पर्याप्त तयारी आवश्यक छ ।

## कोभिड १९ भनेको के हो ?

कोभिड-१९ को विस्तारित रूप कोरोना भाइरस २०१९ हो । यो कोरोना भाइरस सार्स-कोभ-२ (SARS-CoV-2) का कारण लाग्ने सङ्क्रामक रोग हो, जुन सन् २०१९ को अन्त्यतिर पहिलो पटक मानवमा देखापरेको थियो । चीनको हुबे प्रान्तको राजधानी वुहानमा समुद्रमा पाइने खानेकुरा (सिफुड) तथा कुखुरालगायतका चराचुरुङ्गी (पोल्ट्री) बजारमा बेचिएको चमेरा वा पेङ्गोलिन्स[11]बाट यो भाइरस मानिसमा सरेको विश्वास गरिन्छ । यो भाइरस संसारभरि तीव्र गतिमा फैलियो र मार्च ११, २०२० मा विश्व स्वास्थ्य सङ्गठन[12]ले यसलाई विश्व महामारी घोषणा गर्‍यो ।



यो पुस्तक लेख्दासम्म ११२ देशामा ४० लाख मानिस कोभिड-१९ बाट सङ्क्रमित भएका छन् भने २ लाख ७० हजार मानिसले ज्यान गुमाएका छन् ।

### लक्षणहरू

विश्व स्वास्थ्य सङ्गठन[13]का अनुसार पहिचान गरिएका साझा लक्षणमा ज्वरो, खोकी र सास फेर्न कठिनाइ पर्छन् । अमेरिकी स्वास्थ्य संस्था सीडीसी[14]ले विद्यमान लक्षणको सूचीमा केही नयाँ लक्षणहरू थपेको छ, जस अनुसार मांशपेशी दुख्नु, टाउको दुख्नु, घाँटी सुनिनु, सर्दी लाग्नु, खानेकुराको स्वाद हराउनु वा सुघ्ने (घ्राण) शक्तिमा क्षय हुनुलाई कोभिड-१९ को सम्भावित लक्षण मानिन्छ ।

तर, विभिन्न अध्ययनका आधारमा लक्षणमा एकरूपता भेटिएको छैन । नोबल कोरोना भाइरसबाट सङ्क्रमित ठूलो सङ्ख्यामा व्यक्तिहरूले कुनै पनि लक्षणको अनुभव नगर्ने र लक्षण देखिए पनि सामान्य मात्र देखिने अनुमान गरिएको छ । एक अनुमान अनुसार, पूर्वलक्षण (लक्षण देखिनुभन्दा केही दिन अघिको अवस्था) र साधारण लक्षण भएका व्यक्तिले पनि रोग[15] सार्न सक्छन् । लक्षण देखा नपरेका र कोभिड-१९ भएका व्यक्ति रोगको शान्त विस्तारक[16] हुन सक्छन्, जसले रोग न्यूनीकरण रणनीतिमा जटिलता उत्पन्न गर्न सक्छन् । नवीतम प्रमाणले देखाएका अनुसार SARS-CoV-2 भाइरसको सम्पर्कमा आउने र लक्षण देखिने समय दुई दिनदेखि १४ दिनसम्म हुन्छ ।[17]

धेरैजसो अवस्थामा सङ्क्रमणले न्युमियिना देखिने र स्वास प्रस्वासमा कठिनाइ हुनसक्छ । अन्त्यमा बिरामीको मृत्यु हुन्छ । अगाडि नै रोग भएका ज्येष्ठ नागरिक वा वयस्क मानिसलाई यो रोगले जोखिममा पार्छ ।[18] यो पुस्तक प्रकाशनको समयसम्म कोभिड-१९ का लागि कुनै प्रमाणित खोप वा उपचार उपलब्ध छैन । यद्यपि, विभिन्न प्रयोग र परीक्षणको क्रम भने जारी छ ।

## रोग विस्तार वा सङ्क्रमणको माध्यम

विश्व स्वास्थ्य सङ्गठन[19] र सीडीसी[20] का अनुसार, कोरोना भाइरस विस्तारको मूल रूप मानव-मानव सम्पर्क नै हो । मानिसहरू एक-अर्कामा शारीरिक रूपमा नजिक हुँदाको समयमा खोक्दा, हाछ्युँ गर्दा वा बोल्दा आउने स-साना जलकण निस्कन्छ, जुन मुख, नाक र सम्भवतः आँखाबाट सर्न सक्छ । यसले कोभिड-१९ लाई इबोलाभन्दा बढी सङ्क्रामक रोग बनेको छ । इबोला मूलतः पसिना, बान्ता र रगतबाट सर्छ ।

कोरोना भाइरस वस्तु वा सतहसँगको अप्रत्यक्ष सम्पर्कबाट पनि सर्न सक्छ । कुनै स्वस्थ्य मानिसले भाइरस भएको वस्तु वा सतहको सम्पर्कमा आएर मुख, नाक तथा आँखामा छोएमा रोग सर्नसक्छ । निर्वाचन अधिकारी, मतदाता, उम्मेदवार तथा पर्यवेक्षकबीच कागजात, फाराम तथा अन्य सामग्रीहरू आदान-प्रदानबाट अप्रत्यक्ष किसिमले भाइरस सर्न सक्छ । यसैगरी, औँठाछाप, स्क्यानर वा भोटिङ मेसिनबाट भाइरस सर्न सक्छ । त्यसैले, यिनीहरूको प्रयोगलाई यथोचित किसिमले घटाउनुपर्छ ।

ठोस वस्तुहरुमा SARS-CoV-2 को समयावधि कोरोना भाइरससँग मिल्दोजुल्दो छ, तर सतह सामाग्रीको प्रकारमा निर्भर गर्दछ । जसको समयावधि तलको तालिका देखाइएको छ ।[21]

तालिका २ : धातु वा वस्तुहरूमा कोरोना भाइरस जीवित रहन सक्ने अनुमानित अवधि

| सामाग्री | सान्दिर्भक उदाहरण | अनुमाति अवधि |
|---|---|---|
| ***आल्मुनियम*** | *क्यान, रेलिङ* | *२-८ घन्टा* |
| ***कार्डबोर्ड, कुट*** | *मतपेटिका, मतदान केन्द्र* | *२४ घन्टा* |
| ***सेरामिक्स (माटाका भाँडा)*** | *बाथरुममा प्रयोग हुने टायल, शौचालयमा प्रयोग हुने भाँडा* | *५ दिन* |
| ***तबा*** | *पाइप, विद्युतीय सामग्रीहरू* | *४ घन्टा* |
| ***सीसा*** | *झ्यालहरू, सीसाहरू, स्क्रिनहरू* | *≤५ दिन* |
| ***लाटेक्स*** | *शल्यक्रियामा प्रयोग हुने पञ्जाहरू* | *≤८ घन्टा* |
| ***धातु*** | *ढोकाको चाबी, गेटहरू* | *५ दिन* |
| ***कागज*** | *मतपत्र, मतपेटिकाहरू, फारामहरू, परिचयपत्र, पोस्टरहरू* | *१-५दिन* |

| | | |
|---|---|---|
| ***प्लास्टिक*** | *कलम, डट, पेन्सिल, किबोर्ड, परिचयपत्र* | *≤५ दिन* |
| ***खिया नलाग्ने स्टिल*** | *सिन्क्स (हातधुने बेसिन), धारा* | *४८ घन्टा* |
| ***काठ*** | *कुर्सी, डेक्सहरू, ढोकाहरू, रेलिङहरू* | *४ दिन* |

केम्फ जी, टोड्ट डी, प्फेन्डर एस, स्टनइमेनन ई. द्वारा दिइएको जानकारीमा आधारित ।

## पुस्तकको उद्देश्य तथा संरचना

यो पुस्तकले निर्वाचनसँग सम्बन्धित विज्ञ र सार्वजनिक स्वास्थ्य विशेषज्ञका अनुभवहरू प्रतिविम्बित गर्छ । यसले सामान्य रूपमा स्वास्थ्य सङ्कटका समय र विशेष रूपमा कोभिड-१९ महामारीका समयमा निर्वाचन व्यवस्थापन निकायँलाई राम्रो योजना बनाउन र निर्वाचन सञ्चालन गर्न सघाउने लक्ष्य राखेको छ । यो पुस्तकले मतदाता र निर्वाचन अधिकारीहरूको स्वास्थ्य सम्बन्धी जोखिम घटाउने मात्र नभई उचित योजनामार्फत् सञ्चालन गर्न सकिने निर्वाचन कार्यक्रम पनि रद्द र स्थगन गर्दा लोकतन्त्रमा पर्न सक्ने सम्भावित खतरा पनि घटाउने अभिप्राय राखेको छ ।

- विभिन्न चरणको निर्वाचन प्रक्रियामा सामान्य रूपमा जनस्वास्थ्यबारे ख्याल गर्नुपर्ने कुराबारे निर्वाचन व्यवस्थापन निकायलाई ढाँचा उपलब्ध गराउने;
- विशेषतः कोभिड-१९ को समयमा हुने निर्वाचनमा सार्वजनिक स्वास्थ्यका चुनौतीका क्षेत्र र प्रकृतिबारे छलफल गर्ने;
- वैधानिक निर्वाचन सञ्चालन गर्दा सार्वजनिक स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरणका लागि आवश्यक पर्ने खास गतिविधिबारे सिफारिस गर्ने;
- जोखिम न्यूनीकरण रणनीति कार्यान्वयनका लागि आवश्यक आधारभूत स्रोत तथा सामग्रीहरूको पहिचान गर्ने; र
- प्रस्तावित रणनीति कार्यान्वयनको गुणस्तर अनुगमन र मापनका लगि अपनाइने विधिको रूपरेखा तयार पार्ने ।

यो पुस्तक सामान्य सिफारिसहरूबाट शुरु हुन्छ । यसमा निर्वाचनसम्बन्धी सबै गतिविधि र निर्वाचन प्रक्रियाका विभिन्न चरणमा खास ध्यान दिनुपर्ने कुराहरू छन्, जसमा निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपछिका गतिविधिहरू समाविष्ट छन् । यसैगरी, प्रस्तुत सिफारिसहरू कार्यान्वयनको प्रभाव अनुगमन र मूल्याङ्कनका लागि सम्भावित विधिसहित यो पुस्तक समापन हुन्छ ।

**निर्वाचनपूर्वका गतिविधिहरू**

- निर्वाचन तथा स्रोत-साधनसम्बन्धी योजना
- उम्मेदवारी दर्ता
- निर्वाचन प्रचार प्रसार
- मतदाता शिक्षा
- मतदाता नामावली दर्ता
- निर्वाचनसम्बन्धी कर्मचारी नियुक्ति तथा तालिम
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक र राजनीतिक दलका प्रतिनिधिको प्रमाणित

**निर्वाचन हुने दिनको गतिविधि तथा निर्वाचन पश्चात्का गतिविधिहरू**

- मतदान केन्द्र सञ्चालन
- मतगणना र नतिजा प्रकाशन (व्यवस्थापन)

# मुख्य सुझाव तथा निष्कर्ष

## कोभिड-१९ को समयमा सार्वजनिक स्वास्थ्यको जोखिम न्यूनीकरणसम्बन्धी सामान्य विचारहरू

व्यक्तिहरूबीच सीधा सम्पर्क र भाइरसयुक्त बुँद, वस्तु तथा सतह निर्वाचन प्रक्रियाका विभिन्न चरणमा देखा पर्न सक्छन् । यसले सम्भवतः भाइरस सार्न सक्छ । लाइबेरियामा इबोला प्रकोप फैलिँदाको सन्दर्भमा आईएफईएसले एउटा विश्लेषण तयार पारेको थियो । त्यसले निर्वाचन प्रक्रियामा नागरिकको सहभागिता वा वस्तुहरूको स्थानान्तरण लगायत ४० भन्दा बढी बुँदा पहिचान गरेको छ, जसले भाइरस सार्ने जोखिम बढाउँछ । यस्ता क्रियाकलापहरू निर्वाचनको दिनमा मात्र नभई निर्वाचन चक्रको सबै चरणमा देखा पर्छ, निर्वाचनको दिनमा मात्र सीमित छैन ।

कोरोना भाइरस विस्तारको विशिष्ट विधिलाई हेर्दा सबै निर्देशन र सिफारिसहरू तलका खण्डहरूमा छलफल गर्ने अभिप्राय राखिएको छ :

- व्यक्ति-व्यक्तिबीचको सम्पर्क रोक्ने वा घटाउने
- धेरैको प्रयोगमा आउने साझा वस्तुको प्रदूषण रोक्ने वा घटाउने
- प्रदूषित वस्तुसँग व्यक्तिको सम्पर्कलाई रोक्ने वा घटाउने ।

निर्वाचन अधिकारीहरूले निर्वाचनसम्बन्धी गतिविधिको समग्र किसिमले योजना बनाउनुपर्छ र माथि उल्लेखित लक्ष्य हासिल गर्ने अभिप्राय राख्नुपर्छ । जति धेरै सावधानी अपनायो, त्यति नै कम जोखिम हुन्छ । यद्यपि, आवश्यक सामग्रीहरू प्राप्त गर्न र नयाँ प्रक्रिया अपनाउनका लागि निर्वाचन व्यवस्थापन निकायसँग समय र स्रोत-साधन सीमित हुन सक्छ । त्यसकारण, जोखिम न्यूनीकरणका प्रयासहरू संसाधन अभिवृद्धि गर्ने व्यापक रणनीतिको हिस्सा बन्नु आवश्यक छ । यो कुरा कोभिड-१९ को सन्दर्भमा जोखिम मूल्याङ्कनको प्रसङ्गबाट जानकारी हुन आएको छ । यी उपायहरूलाई राम्रोसँग कार्यान्वयन गरिएमा तथा वा जानकारी गराइएमा भाइरसको फैलावटलाई रोक्न सकिन्छ । साथै, निर्वाचन प्रक्रियामा सङ्क्रमित भइन्छ कि भन्ने नागरिकको चिन्ता पनि घटाउन सकिन्छ । तर, यसो गर्न सकिएन भने मतदानमा सहभागी हुनेहरूको सङ्ख्या व्यापक रूपमा घट्छ । यसले निर्वाचन नतिजाको आधिकारिता माथि पनि प्रश्न उब्जाउन सक्छ ।

## व्यक्ति-व्यक्तिबीचको अन्तरक्रिया रोक्ने वा घटाउने

कोभिड-१९ फैलिने जोखिम न्यूनीकरणका लागि सरल प्रयास अन्तर्गतको अभ्यास भनेको भौतिक दूरी कायम गर्नु हो । मानिसहरूबीच दूरी कायम गरेर अन्तरवैयक्तिक सम्पर्क घटाउने यो एउटा सचेत व्यवहार हो । भौतिक दूरी कायम गर्ने भन्ने भाइरस संक्रमण कति दूरी भित्र संक्रमण हुन्छ भन्ने कुरामा निर्भर गर्दछ । हालसालै विश्व स्वास्थ्य सङ्गठन[22] ले ३.३ फिट (१ मिटर) दूरी कायम गर्न सिफारिस गरेको छ भने सीडीसी[23] ले मानिसहरूबीच एक-अर्कामा ६ फिट लगभग (१.८ मिटर) दूरी कायम गर्नुपर्ने भनेको छ । सम्भव हुँदासम्म

निर्वाचन व्यवस्थापन निकायले आफ्ना गतिविधि सञ्चालनका लागि भौतिक दूरी कायम गर्न मिल्ने गरी फराकिलो स्थान छनोट गर्नुपर्छ । यद्यपि, ६ फिटको दूरीलाई सापेक्षित रूपमा सुरक्षित दूरी मानिन्छ । नयाँ अध्ययन[24] ले खोक्दा र हाच्छिउँ गर्दा निस्कने छिटा (बुँद) बढीमा २७ फिट (८ मिटर) सम्म फैलन सक्छ । यसले न्यूनतम भौतिक दूरी कायम गर्नुका साथै श्वास फेर्दा र खोक्दा संहिता पालना[25] गर्नुपर्ने सङ्केत गर्छ । यसको अर्थ हो, खोक्दा र हाच्छिउँ गर्दा उचित किसिमले मुख छोप्नुपर्छ । मुख छोप्दा प्रयोग गरिएका टिस्यु पेपर आदिलाई सुरक्षित किसिमले व्यवस्थापन गर्नुपर्छ । एक-अर्कासँग सम्पर्कमा आउँदा मास्क वा अन्य रक्षात्मक वस्तु प्रयोग गर्नुपर्छ । मास्कका लागि विशिष्ट आवश्यकता बारेको थप जानकारी 'निर्वाचन र संसाधनसम्बन्धी योजना' भागमा पाउन सकिन्छ ।

मतदातालाई सहयोग गर्नुपर्ने अवस्थामा आउँदा भौतिक दूरीसम्बन्धी सिफारिस कार्यान्वयन गर्न कठिन हुन्छ । त्यसमा पनि निकटम भौतिक दूरी कायम गरेर व्यवहार गर्ने सांस्कृतिक परम्परा भएका देशमा यसलाई व्यवहारमा उतार्न सहज छैन । तर पनि, मानिसहरू सतर्क भएमा, आवश्यक दूरी कायम गर्नका लागि सम्झाउने खालका पोष्टर टाँसिएमा तथा मानिसलाई सीधा सम्पर्क घटाउने गरी 'ले-आउट' तयार गरिएमा भाइरसको विस्तारलाई प्रभावकारी किसिमले न्यून गर्न सकिन्छ । यी निर्देशनहरूलाई निर्वाचन अधिकारीहरूको तालिम र मतदाता शिक्षा अभियानमा पनि समावेश गरिनुपर्छ । यसबारे थप जानकारी मतदाता शिक्षा भागमा पाउन सकिन्छ ।

## सङ्क्रमित व्यक्तिहरूबाट साझा वस्तुलाई दूषित गर्ने काम रोक्ने वा घटाउने

सबैको प्रयोगमा आउने वस्तु वा सतहलाई कोरोना भाइरस सर्ने प्राथमिक माध्यम हुन् भन्नेमा वैज्ञानिक समुदायले विश्वास नगरे तापनि कुनै व्यक्तिले भाइरसयुक्त सतह वा वस्तु छोएर आफ्नो मुख, नाक र आँखा छोएमा सङ्क्रमित हुने सम्भावना रहन्छ । निर्वाचन व्यवस्थापन निकायले सम्भव भएका ठाउँमा छुनु नपर्ने संयन्त्र लागू गरेमा र त्यस्ता वस्तुलाई छुनु परेमा निर्मलीकृत हातले छुँदा सङ्क्रमणको जोखिमलाई घटाउन सकिन्छ । हात सफाइ (निर्मलीकरण) का लागि सीडीसी र विश्व स्वास्थ्य सङ्गठनले दुईवटा विकल्पका सुझाएका छन् :

- **साबुन तथा पानी :** २० सेकेण्डसम्म साबुन र पानीले राम्रोसँग हात धुने, र/वा,
- **कम्तीमा ६० प्रतिशत अल्कोहल भएको तरल पदार्थ :** हात, वस्तु वा सतह निर्मलीकरण गर्नका लागि कम्तीमा ६० प्रतिशत अल्कोहल भएको सोलुसन (तरल स्यानिटाइजर) प्रयोग गर्ने ।

इबोला भाइरस फैलँदा त्यससँग लड्न खासगरी पश्चिमी अफ्रिकी निर्वाचन व्यवस्थापन निकायहरूले क्लोरिन सोलुसन (०.०५ प्रतिशत) प्रयोग गरे । तर, विश्व स्वास्थ्य सङ्गठनले यसलाई हात धुनका लागि प्रयोग गर्न सिफारिस गर्दैन 'किनभने यसबाट सोलुसन प्रयोगकर्ता र उत्पादकको स्वास्थ्यमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ । साथै, घामको प्रकाश वा तापले यसको गुणस्तर खस्कन्छ ।'[26] विश्व स्वास्थ्य सङ्गठनको निष्कर्ष छ- हात सफाइका लागि आवश्यक ०.०५ प्रतिशतको सोलुसन प्रयोगकर्तामा भन्दा ब्लिच वा क्लोरिनयुक्त सोलुसन प्रयोग गर्ने बिरामी, स्वास्थ्यकर्मी तथा अन्य प्रयोगकर्ताहरूमा स्वास-प्रस्वाससम्बन्धी लक्षण बढी पाइएको छ ।[27]

## व्यक्तिहरूलाई दूषित भएका वस्तुसँगको सम्पर्कमा आउनबाट रोक्ने वा त्यस्तो अवस्था घटाउने

माथि भनिएको हात सफाइ विधिका अतिरिक्त भाइरसको सङ्क्रमण हटाउन वस्तु तथा सतहलाई निर्मलीकरण गर्ने कार्यलाई सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन आउँछ । साबुन र पानी वा निर्मलीकरणका लागि प्रयोग हुने अन्य उपायहरू (सोलुसनहरू) (जस्तो : ६० प्रतिशत अल्कोहलयुक्त सोलुसन, ०.५ प्रतिशत हाइड्रोजन पेरोक्साइड, ०.१ प्रतिशत सोडियम हाइपोक्लोराइड वा कोरोना भाइरसका लागि प्रभावकारी मानिएको निर्मलीकरणसम्बन्धी कुनै वस्तु)[28] प्रयोग गरेर निर्मलीकरण गर्न सकिन्छ । सँगसँगै भाइरसमुक्त नहुँदासम्म त्यस्ता वस्तु वा सतहलाई नछुने पनि अर्को उपाय हो । त्यस्ता वस्तु वा सतहलाई नछुने समयावधि (आइसोलेसन) ती चीज कुन कुन वस्तुले बनेका छन् भन्ने कुरामा निर्भर रहन्छ । यसलाई तापक्रम र आद्रताले पनि प्रभाव पार्छन् । यससम्बन्धी विवरण तालिका ९ मा छ ।[29]

प्रदूषित वस्तु वा सतहबाट हुने सङ्क्रमणबाट जोगिन एक पटक प्रयोग गरेपछि फाल्न मिल्ने पञ्जा प्रयोग गर्न सकिन्छ । त्यस्ता पञ्जामा भाइरस रहन सक्ने भएकाले पञ्जा लगाएको बखत अनुहारलाई छुनु हुँदैन । काम गर्दा प्रयोग हुने पञ्जा फेरिरहनुपर्छ र त्यसलाई सुरक्षित किसिमले फोहोर राख्ने भाडामा राख्नु पर्छ । निर्वाचन व्यवस्थापन निकायहरूले पुरुष तथा महिलालाई उपयुक्त किसिमले मिल्ने गरी विभिन्न आकार (साइज) का व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) उपलब्ध गराउने कुरा सुनिश्चित गरिनुपर्छ । पञ्जा प्रयोग गर्दा हात निर्मलीकरण गर्ने कार्य निरन्तर गरिरहनुपर्छ ।

## स्वास्थ्य अधिकारी र अन्य सम्बन्धित संस्थाहरूबीच समन्वय

धेरैजसो, निर्वाचन व्यवस्थापन निकायले अन्य सरकारी तथा स्थानीय अधिकारीहरूसँगको समन्वयलाई सहजीकरण गर्न निर्वाचन आउनु अघि नै ‘संयुक्त निर्वाचन सञ्चालन केन्दहरू’ स्थापना गर्दछन् । परम्परागत रूपमा, यी केन्द्रमा शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्नका लागि मूल रूपमा विभिन्न सुरक्षा तथा गुप्तचर निकायका जनसम्पर्क अधिकृतहरू रहन्छन् । तर, कतिपय स्थानमा व्यापक विभिन्न सरकारी निकायहरूको सहभागिता रहन्छ । कोभिड-१९ महामारी जस्तो सार्वजनिक स्वास्थ्यमा सङ्कट आएको समयमा स्वास्थ्य अधिकारीहरूले यस्ता केन्द्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

निर्वाचन व्यवस्थापन निकायले धेरैजसो अवस्थामा निर्वाचनसँग सम्बन्धित विषयमा समन्वयात्मक प्रयास गर्छ । कोभिड-१९ ले दैनिक जीवनका सबै पक्षमा पार्ने असरलाई ध्यानमा राख्दै अधिकांश मुलुकले आफ्ना वरिष्ठ कार्यकारी अधिकारीहरूलाई समावेश गरी कार्यदल गठन गर्छन् । कार्यदलमा प्रधानमन्त्री तथा उपराष्ट्रपतिको कार्यालयको सहभागिता रहन्छ । यसका धेरै फाइदा छन् । जस्तो, यसले कर्मचारीतन्त्रको तहगत संरचनाबाट अप्ठ्यारोपन हटाउँछ र आवश्यक कोषमा पहुँच बढाउन सहज हुन्छ । यस्तो कार्यदल प्राविधिक नभई राजनीतिक प्रकृतिको हुने भएकाले निर्वाचन व्यवस्थापन निकायको नेतृत्व लोकतान्त्रिक निर्वाचन तयारी र आयोजना गर्नेबारे यसले पाएको कानुनी म्यान्डेट (कार्यादेश) मा केन्द्रित हुनुपर्छ ।

निर्वाचन व्यवस्थापन निकायले आफ्नो योगदानलाई व्यापक तुल्याउन र सरकारी निकायहरूसँगको समन्वयबाट फाईदा लिन तीन वटा मुख्य काममा ध्यान केन्द्रित गर्नुपर्छ । सार्वजनिक स्वास्थ्यमा सङ्कट आएको बेलामा निर्वाचनसम्बन्धी कार्यक्रम गर्नुपर्ने जिम्मेवारी पाएका निर्वाचन व्यवस्थापन निकायका लागि देहायका तीनवटा कार्य महत्वपूर्णका छन् :

- **सबै निर्वाचन प्रक्रिया र रोग सर्ने जोखिमलाई समेटेर दक्ष सार्वजनिक स्वास्थ्य अधिकारी तथा विशेषज्ञहरूसँग स्वास्थ्य जोखिमबारे संयुक्त मूल्याङ्कन** : यसका अतिरिक्त निर्वाचनको निष्ठा (जस्तै : जालसाजी रोक्ने, पद्धतिमा हस्तक्षेप र गलत व्यवहार घटाउने) दृष्टिबाट धेरै निर्वाचन व्यवस्थापन निकायले अघि नै जोखिम मूल्याङ्कन गरेका हुन्छन् ।

- साझेदारहरू - राजनीतिक दल, नागरिक समाज संस्था तथा पर्यवेक्षण समूहसँग गरिएको मूल्याङ्कन तथा परामर्शका आधारमा **जोखिम न्यूनीकरणसम्बन्धी योजना** बनाउनुहोस् । त्यसमा नियम-कानुन तथा प्रक्रियाहरूमा गर्नुपर्ने आवश्यक परिवर्तन तथा निर्वाचन अधिकारी र साझेदारहरूलाई आ-आफ्नो भूमिका निर्वाह गर्न आवश्यक अतिरिक्त सामग्री खरिदसम्बन्धी खाकाको विवरण तयार पार्नुहोस् । केही दृष्टान्तमा कानुनी संशोधनलाई पनि ध्यान दिनुपर्ने आवश्यकता रहन्छ ।[30] निर्वाचन व्यवस्थापन निकायहरूले व्यापक जनसमुदायसम्म पुग्ने (आउटरिच) तथा यस्ता जोखिम न्यूनीकरणबारे जनचेतना बढाउने योजना बनाउनुपर्ने हुन्छ ।

- निर्वाचन व्यवस्थापन निकायहरूले जोखिम न्यूनीकरण योजनालाई **अध्यावधिक योजनामा एकीकृत** गर्नुपर्छ । यसका लागि निर्वाचन तालिका र बजेटमा परिमार्जन गर्नुपर्ने आवश्यकता पनि रहन्छ

# पहिलो चरण : निर्वाचन पूर्वका क्रियाकलापहरू

## निर्वाचन तथा सामग्री योजना

### निर्वाचन स्थगित गर्ने बारे ख्याल गर्नुपर्ने कुरा तथा निर्वाचन तालिका (क्यालेण्डर) र कानुनी व्यवस्थाहरूमा अन्य परिमार्जन

कोभिड-१९ विश्वभरि फैलँदा झण्डै ६० मुलुकले राष्ट्रिय र त्यसभन्दा अलि साना निर्वाचन स्थगितको घोषणा गरेका छन् । यस्ता बृहत् निर्वाचनसम्बन्धी कार्यक्रमबाट तीव्र गतिमा रोग फैलने र निर्वाचन व्यवस्थापन निकायले सन्तोषजनक किसिमले यस्ता जोखिम घटाउन नसक्ने त्रासका स्थगित गरेका छन् । स्थगितसम्बन्धी यस्ता निर्णय कहिलेकाहीँ मतदाता तथा निर्वाचन अधिकारीहरूको स्वास्थ्य रक्षाका लागि उत्तम हुन पनि सक्छन् । तर, कतिपय अवस्थामा यस्ता निर्णयले राजनीतिक हस्तक्षेप र शक्ति-दुरूपयोगका लागि ढोका खोल्न पनि सक्छन् ।[31] नेताहरूले सार्वजनिक स्वास्थ्यमा आएको सङ्कटलाई निर्वाचन-प्रक्रिया स्थगित गर्ने बहानाको रूपमा प्रयोग गर्न सक्छन् । यसबाट पहिले नै कमजोर अवस्थामा रहेको लोकतान्त्रिक सिद्धान्त माथि क्षति पुग्छ । यदि स्थगन नै नागरिकलाई भाइरसको सङ्क्रमणबाट जोगाउने एकमात्र उपयुक्त उपाय हो भने निर्वाचन व्यवस्थापन निकाय र अन्य सरकारी अधिकारीहरूले निर्वाचन स्थगितसँग सम्बन्धित कानुनी प्रावधानहरूलाई मान्नुपर्छ । यसैगरी, उनीहरूले स्वास्थ्य अधिकारी र निर्वाचनका सरोकारवालासँगको समन्वयमा मिति पछि सारेर निर्वाचन गर्दा हुने जोखिम मूल्याङ्कनबारे योजना बनाउनुपर्छ । सम्भव भएसम्म निर्वाचनको नयाँ मिति निर्धारण गर्नुपर्छ । साथै, यस्ता निर्णय गरिनुका आधार र सरोकारवालाहरूको स्वास्थ्यमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि चालिने कदमबारे नागरिकलाई जानकारी दिनुपर्छ ।

## निर्वाचनको मितिबारे ख्याल गर्नुपर्ने कुरा

निर्वाचनको मिति निर्धारण गर्दा मौसमलगायतका केही पक्षलाई ध्यानमा राख्नुपर्ने हुन्छ । उदाहरणका लागि, मतदातालाई खुला स्थानमा भेला हुन सजिलो हुने मध्यम खालको तापक्रम वा कम वर्षा हुने समयमा निर्वाचनको तालिका बनाउनु राम्रो हुन्छ । लामखुट्टे वा अन्य कीराको टोकाइबाट रोग सर्ने अवस्था भएका यी जीवहरू कुन समयमा बढी सक्रिय हुन्छन् भन्ने कुरा अधिकारीहरूले ख्याल गर्नुपर्छ । मानिसमा सामान्य फ्लु निम्त्याउने इन्फ्लुएन्जा भाइरसलाई उच्च तापक्रम मैत्रीपूर्ण मानिँदैन । सन् २००३ मा फैलिएको सार्स रोग उच्च तापक्रमको समय आएपछि मत्थर भएको थियो । केही विशेषज्ञहरूले कोभिड-१९ को सङ्क्रमण न्यानो र झरिलो मौसम[32]मा अमेरिका र युरोपमा सामान्य गिरावट आउने अपेक्षा गरेका छन् । यस किसिमको गिरावट सार्थक हुन्छ वा हुँदैन भन्ने प्रष्ट भएको छैन । दक्षिणी गोलार्द्धमा भएको रोग फैलावटले कोरोना भाइरस नियन्त्रणका लागि उच्च तापक्रम त्यति सार्थक देखिँदैन भन्ने सङ्केत गरेको छ ।

निर्वाचन र निर्वाचन प्रक्रियाका मिति निर्धारणका सम्बन्धमा निर्णय लिने कुरामा रोगको फैलावटलाई पनि ध्यानमा राख्नुपर्छ । जस्तो, विश्व स्वास्थ्य सङ्गठनले कोभिड-१९ महामारी विस्तारसम्बन्धी परिदृश्यलाई चार श्रेणी[33]मा विभाजन गरेको छ : १) कुनै संक्रमण देखा नपरेको, २) संक्रमण यत्रतत्र देखिएको ३) कुनै झुण्डमा संक्रमण देखापरेको, ४) समुदायमा महामारी विस्तार, यो अति नै जटिल अवस्था हो, जसमा देशका धेरै असम्बन्धित लाग्ने झुण्डहरूमा रोग विस्तार भएको पत्ता लाग्छ । यस्तो गम्भीर अवस्थामा सरकारले अनिवार्य बन्दाबन्दी तथा यात्रामा कडा प्रतिबन्ध लगाएका हुन्छन् । यस्तो अवस्थामा निर्वाचनमा व्यक्ति प्रत्यक्ष सहभागी हुने अवस्था रहँदैन ।

निर्वाचन व्यवस्थापन निकायहरूले देशमा रोग (महामारी) सङ्क्रमणको चरणलाई ख्याल गर्नुपर्छ । रिपोर्ट गरिएको तथ्याङ्कको विश्वसनीयतालाई आधार मान्दै देश वा क्षेत्रमा रोग विस्तारको परिदृश्यलाई हेर्नुपर्छ । यस आधारमा सङ्क्रमणको दर उकालो लाग्दो छ वा छैन, स्थिर छ वा छैन र घट्दो छ वा छैन भन्नेबारे अधिकारीहरूलाई जानकारी दिनुपर्छ । सङ्क्रमणमा देखापरेको स्थिरता वा घट्दो सङ्ख्याले मात्र निर्वाचनको सुरक्षाबारे आशावादी परिदृश्य खडा गर्छ भन्ने प्रत्याभूत गर्न सकिँदैन ।

अन्त्यमा, देशमा स्वास्थ्य सेवाको क्षमता र संरचना तथा निर्वाचनको समयमा बिरामी धान्न सक्ने अस्पताल क्षमता (अकुपेन्सी रेटस्) लाई ख्याल गरिनुपर्छ । अस्पतालको बेड र भेन्टिलेटरको माग उच्च विन्दुमा पुगेको समयमा निर्वाचन गरेमा देशको स्वास्थ्य सेवा प्रणालीमा थप बोझ पर्ने अवस्था आउन सक्छ, जसले स्वास्थ्य सेवा प्रणालीलाई पतनको नजिक पुऱ्याइदिन्छ ।

## थप सामग्री, उपकरण र वस्तुहरूको आवश्यकता र खरिदबारे विचार (ख्याल) गर्नुपर्ने

निर्वाचनमा व्यक्ति प्रत्यक्ष सहभागी हुने विधि छोडी टाढाबाट सहभागी हुने (अर्थात् अनलाइनमार्फत सहभागी हुने) विकल्पमा जाने हो भने निर्वाचन व्यवस्थापन निकायले खरिद गर्नुपर्ने सामग्री तथा उपकरणहरूको सूचीमा फेरबदल गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, कानुनले अनुमति दिएमा मतदान गरी हुलाकबाट पठाउने प्रणाली (इमेल इन) वा अनुपस्थित मतदान (एबसेन्टी ब्यालेट्स) लागू गर्ने वा विस्तार गर्ने हो भने धेरै खाम, हुलाक शुल्क र मतपत्रलाई प्रक्रिया ल्याउने सुविधाहरू खाँचो पर्छन् । यसका अतिरिक्त थप विज्ञ जनशक्ति नियुक्ति गर्नुपर्ने र तिनलाई तालिम दिनुपर्ने हुन्छ । निर्वाचन प्रक्रियालाई अनलाइनमा लैजाने हो भने 'भर्चुअल प्लेटफर्महरू' को विकास तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

मतदाता प्रत्यक्ष सहभागी हुने निर्वाचनमा जाने हो भने पनि निर्वाचन व्यवस्थापन निकायले मतदाता नामावली दर्ता तथा उम्मेदवारी दर्ता एवं मतदानका समयमा रोगको सङ्क्रमण रोक्नका लागि आवश्यक सामग्रीहरू खरिद गर्नुपर्ने हुन्छ । उपयुक्त सामग्रीको पहिचान गरी पारदर्शी किसिमले र छिटो खरिद गर्नु गरिनुपर्छ । विशेषगरी, कोभिड-१९ महामारी जस्ता ठूला प्रकोपका बेला आपूर्ति प्रणाली अवरुद्ध हुन सक्छ । किनभने एकातिर केही वस्तुको विश्वव्यापी रूपमै माग बढेको हुन सक्छ भने अर्कोतिर उत्पादकहरूले अस्थायी रूपमा उत्पादन कार्य बन्द गरेका हुन सक्छन् । त्यसकारण निर्वाचन अधिकारीहरूले आवश्यक वस्तुहरू उपलब्ध भएको र ती वस्तु निर्वाचनको मितिभन्दा अगाडि नै ढुवानी हुने कुरा सुनिश्चित गर्नुपर्छ । यस्ता सामग्रीलाई अघि नै तयार पारिएको मतदानसँग सम्बन्धित सामग्रीसँगै ल्याउनु राम्रो हुन्छ ।

माथि भनिए अनुसार कोरोना भाइरस (कोभिड-१९) सर्ने जोखिम घटाउन मतदान केन्द्रमा देहाय अनुसारका सामाग्री राख्नु आवश्यक पर्छन् :

- **हात सफा गर्न र निर्मलीकरण गर्न साबुन वा अल्कोहलयुक्त सोलुसन**हरूको प्रयोग गर्नुपर्छ । वस्तु तथा सतहलाई निर्मलीकरण गर्नका लागि प्रमाणित भएका निर्मलीकरण गर्ने वस्तुहरू । हरेक वस्तुको मात्रा कति हुनुपर्छ भन्ने कुरा मतदाताको सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या तथा निर्वाचन व्यवस्थापन निकायले आयोजना गर्ने मतदाता नाम दर्ता, तालिम जस्ता कार्यक्रममा निर्भर रहन्छ । निर्वाचनको दिनको कुरा गर्दा मतदान गर्न आउनेहरूको सङ्ख्या सतप्रतिशत नहुने भए पनि निर्वाचन व्यवस्थापन निकायले यथासम्भव अधिक सङ्ख्याका लागि आवश्यक वस्तुको व्यवस्था गर्नुपर्छ ।

- **राम्रोसँग बनाइएको मास्क** सही तरिकाले लगाएमा सास फेर्दा निस्कने छिटा (बुँद) बाट हुन सक्ने सङ्क्रमण नियन्त्रण गर्न सकिन्छ । यसले मास्क लगाउने व्यक्तिको वरिपरि सम्पर्कमा आउने व्यक्तिलाई पनि जोगाउने सम्भावना रहन्छ । प्रभावकारिताका दृष्टिले एन९५ मास्क उपयोगी मानिन्छ ।[34] सर्जिकल मास्क पनि उपयोगी नै मानिन्छ । तर एन९५ जत्तिकै प्रभावकारी भने हुँदैन । यस्ता वस्तुहरूको विश्वव्यापी रूपमै अभाव भएको अवस्थामा स्वास्थ्यकर्मीहरू यसका असली हकदार हुन्छन् । यस्ता वस्तुको अभाव कायमै रहेमा निर्वाचन व्यवस्थापन निकायले मतदान कर्मचारी र मतदान अधिकृतहरूलाई कपडाको मास्क उपलब्ध गराउने वैकल्पिक व्यवस्था गर्नुपर्छ । बजेट र सामग्रीको उपलब्धताले साथ दिएमा मतदाताका लागि पनि यस्तो व्यवस्था गर्नुपर्छ । कपडाका मास्क प्रयोग गर्नुपर्ने भएमा त्यसलाई धुने (सफा गर्ने) बारे उपयुक्त निर्देशन पनि दिनुपर्छ । निर्वाचन व्यवस्थापन निकायले मतदाताका लागि मास्कको व्यवस्था गर्न नसक्ने भएमा उनीहरूलाई आफ्नै मास्क प्रयोग गरेर निर्वाचन गतिविधिमा सरिक हुन प्रेरित गर्नुपर्छ । सीडीसीले घरमै निर्मित मास्क प्रयोग गर्नेबारे निर्देशन उपलब्ध गराएको छ ।[35]

- कोभिड-१९ बाट सङ्क्रमित मतदाताको सीधा सम्पर्कमा आएका मतदान कर्मचारी र आवश्यक भौतिक दूरी कायम गर्न नसकिने अवस्थामा मतदातालाई सघाउनुपर्ने भूमिकामा रहेका व्यक्ति वा स्वयंसेवकहरूले पारदर्शी प्रकृतिका **कवच** (Face Sheild) प्रयोग गर्नु राम्रो हुन्छ । यस्तो कवच बहिरा वा श्रवण शक्ति कमजोर भएका मतदाताका लागि पनि उपयोगी हुन सक्छ ।

- हरेक निर्वाचन प्रक्रियामा लाममा उभिँदाको समयमा **डोरी, तार, सुतली, स्टिकर तथा टेप** प्रयोग गर्दा भौतिक दूरी कायम गर्न सजिलो हुन्छ । हरेक मतदान केन्द्रमा मतदाताको नियमबद्ध लाम कायम गर्न यीमध्ये एक वा त्यसभन्दा बढी वस्तु प्रयोग गर्न सिफारिस गरिएको छ । यस्ता सामग्री थोरै मूल्यमा स्थानीय रूपमै खरिद गर्न सकिन्छ । यस्ता सामग्री कति चाहिन्छन् भन्नेबारे निर्वाचन प्रक्रियामा पहिले

नै सामेल भएका मतदान कर्मचारीले उपयुक्त हिसाब निकाल्न सक्छन् । डोरीलाई हरेक ६ फिटको अन्तरालमा रिबन वा तारका टुक्राले बाँध्न सकिन्छ, जसले उभिएका व्यक्तिहरूबीच उचित दूरी कायम गर्न सहयोग गर्छ । यसका अतिरिक्त भूइँमा टेप वा स्टिकर पनि प्रयोग गर्न सकिन्छ, जसले उपयुक्त दूरी निर्धारण गर्न सहयोग गर्छ । लाम नियन्त्रकले लाममा उभिने मतदाताहरूले भौतिक दूरी कायम गरेको सुनिश्चित गर्नुपर्छ ।

- उपलब्ध भएको अवस्थामा **पारदर्शी कवच** (Face Sheild) ले मतदान कर्मचारी, मतदान अधिकृत तथा मतदाताबीच मतदाता रुजु, नङमा मसी लगाउने कार्य वा मतपत्रमा हस्ताक्षरका क्रममा सङ्क्रमण हुनबाट जोगाउँछ । पारदर्शी कवचले नाक वा मुखबाट निस्कने छिटा एक व्यक्तिबाट अर्को व्यक्तिमा पुग्न दिँदैन । यस्ता कवचलाई उपयुक्त किसिमले निर्मलीकरण गर्नु आवश्यक छ र मानिसले कवचलाई छुनुहुँदैन ।

- सबै मतदान कर्मचारी तथा अरू मतदान अधिकृतहरूले सबै प्रयोगमा आउने साझा वस्तुको सीधा सम्पर्कबाट बच्ने एउटा सावधानीपूर्ण उपाय हो- **पञ्जाको प्रयोग** । पञ्जाले अनुहार छुनु हुँदैन । पञ्जा छोटो अवधिका लागि मात्र लगाउनुपर्छ । वस्तु र स्रोतसाधनको उपलब्धता भएसम्म मतदान कर्मचारीहरूलाई एक बाकस पञ्जा उपलब्ध गराउन सिफारिस गरिन्छ, जसमा ५० जोडा पञ्जा हुन्छन् । यसो भएमा मतदान कर्मचारीले उचित समयमा पञ्जा फेर्न सक्छन् । प्रयोग गरिसकेपछि पञ्जालाई उपयुक्त किसिमले निकाल्नुपर्छ र बन्द कन्टेनरमा सुरक्षित किसिमले थन्क्याउनुपर्छ । सबै निर्वाचन प्रक्रियामा मतदाता तुलनात्मक रूपमा कम सम्पर्कमा आउने भएकाले उनीहरूलाई पञ्जा प्रयोग गर्न सिफारिस गरिँदैन । हरेक निर्वाचन क्रियाकलापमा सहभागी हुनु अघि र भएपछि ह्याण्ड स्यानिटाइजेसन (हात सफा गर्ने) गर्नु उपयुक्त र प्रभावकारी हुन्छ ।[36] कतिपय अवस्थामा पञ्जाले मानिसलाई आफूलाई सुरक्षित[37] भएको गलत चेतना दिन सक्छ र यसले उनीहरूलाई अरू सतह र आफ्नो अनुहार छुन पनि प्रेरित गर्नसक्छ । पञ्जालाई सही किसिमले व्यवस्थापन नगर्दा खतरा निम्तन सक्छ, जुन समस्या लाखौं पञ्जा प्रयोगकर्तामा देखिन सक्छ ।

- मतदाता र अन्य सहभागीले निर्वाचन प्रक्रियामा अपनाउनुपर्ने सरसफाईसम्बन्धी सावधानीबारे तयार पारिएको **शैक्षिक सामग्री** सबै सार्वजनिक कार्यक्रमका लागि सिफारिसयोग्य छ । राष्ट्रिय वा स्थानीय भाषाहरूमा प्रष्टसँग लेखिएका पोष्टर मतदान केन्द्रको भित्र र बाहिर टाँसिनु राम्रो हुन्छ । निर्वाचन अधिकारीले स्वास्थ्य अधिकारीहरूसँग संयोजन गरेर कुन पोष्टर बढी सान्दर्भिक हुन्छ भन्ने निर्धारण गर्नुपर्छ र पोष्टर उत्पादन गर्ने एजेन्सीसँग सम्पर्क गर्नुपर्छ । यस्ता सामग्री धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एजेन्सीहरूबाट निःशुल्क उपलब्ध हुन सक्छन् ।

- निर्वाचनसँग सम्बन्धित यस्ता सामग्रीलाई **रेडियो, टेलिभिजन र अन्य सार्वजनिक माध्यम**बाट प्रकाशन/प्रसारण गर्दा सरल हुनुपर्छ । मतदाता मतदान केन्द्र नपुग्दै स्वास्थ्यसँग सम्बन्धित निर्देशन प्रकाशन/प्रसारण हुनुपर्छ । यसबारेको थप विवरण मतदाता शिक्षा खण्डमा पाउन सकिन्छ । यी सन्देश जनहितकारी सन्देशसँग मेल खाने होउन् भन्ने अभिप्रायले स्वास्थ्य अधिकारीहरूसँग मिलेर तयार पारिनुपर्छ । यदि यी सन्देशहरूलाई निर्वाचनका लागि अगाडि नै योजनाबद्ध गरिएका सन्देशसँगै प्रवाह गर्ने हो भने खर्च घटाउन सकिन्छ । यी सन्देशलाई पहुँचयोग्य ढाँचामा तयार पारिनुपर्छ । जस्तै : साङ्केतिक भाषा, ठूलो अक्षर तथा स्थानीय भाषा । सन्देश प्रवाहसम्बन्धी रणनीतिले विद्यमान

माध्यमहरू प्रयोग गरेर महिला, युवा, अपाङ्गता भएका व्यक्ति र परम्परागत रूपमा प्रतिनिधित्व नभएका समूहसम्म पहुँच बढाउनुपर्छ ।

पश्चिमी अफ्रिकामा इबोला रोग फैलिएको समयमा छुनु नपर्ने थर्मामिटर उपयोगी सावित भयो । कोभिड-१९ महामारीको समयमा पनि केही मुलुकले यही थर्मामिटर प्रयोग गरिरहेका छन् । पछि गएर यो धेरै कम उपयोगी देखिएको छ । कुनै व्यक्तिले ज्वरो नियन्त्रणका लागि औषधि प्रयोग गरिरहेका छन् भने यसले गलत किसिमले पोजिटिभ र नेगेटिभ[38] देखाउन सक्छ । अर्को कुरा, कुनै व्यक्ति लक्षण नदेखिने किसिमले सङ्क्रमित भएको रहेछ भने यो थर्मामिटरले पत्ता लगाउँदैन । ज्वरो आउनु इबोलाको प्रारम्भिक लक्षण हो । सङ्क्रमित व्यक्तिमा लक्षण देखा नपरेसम्म यो रोग अरूमा सर्दैन । ताजा प्रमाणहरूले कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिमा लक्षण नदेखिन सक्छ । यति हुँदाहुँदै पनि उसले अरूमा रोग (भाइरस) सार्न सक्छ ।[39] स्रोतसाधन कम भएको सन्दर्भमा यस प्रकारका थर्मामिटरलाई प्राथमिकता राख्नु राम्रो हुँदैन ।

## बजेट र थप खर्चबारे ध्यान दिनुपर्ने कुरा

माथि भनिएका स्रोत-सामग्रीले लागत बढाउन सक्छन् भन्ने कुरा निर्वाचन व्यवस्थापन निकायहरूले ख्याल गर्नुपर्छ । रोग कुन स्तरमा फैलिएको छ भन्ने कुरामा कुनै देश वा क्षेत्रमा यस्ता सामग्री कति चाहिन्छन् भन्ने कुरा निर्भर रहन्छ । महामारीका समयमा सामग्रीहरूको अभाव हुने वा मूल्यवृद्धि हुने सम्भावना पनि रहन्छ । यद्यपि, यी नयाँ सामग्री एकमात्र असाधारण लागत होइनन्, जसको नाता सार्वजनिक स्वास्थ्य सङ्कट र निर्वाचनसँग रहन्छ ।

रोग फैलिएको समयमा व्यक्ति (मतदाता) को प्रत्यक्ष सहभागितामा निर्वाचन क्रियाकलाप र प्रक्रिया सञ्चालन गर्दा भीड घटाउने वा सहभागीहरूबीच आवश्यक भौतिक दूरी कायम गर्नेबारे निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । धेरै दिनका लागि दर्ता केन्द्र खोल्ने र धेरै मतदान कर्मचारीका लागि तालिम आयोजना र सहजीकरण गर्ने गर्दा सकारात्मक नतिजा आउँछ । सहभागीहरूबीच भौतिक दूरी कायम गर्न सानो समूह र ठूलो तालिम हल उपयुक्त हुन्छ । यसका अतिरिक्त, संशोधित प्रक्रियासँगै व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) को उचित प्रयोगबारे नयाँ तालिम आवश्यक पर्छ । त्यसका लागि थप समय आवश्यक पर्छ । यी सबै विकल्पले लागत बढाउने सम्भावना रहन्छ ।

अन्त्यमा, यदि निर्वाचन व्यवस्थापन निकायले व्यक्ति प्रत्यक्ष सहभागी हुने निर्वाचन प्रणालीको विकल्पमा अप्रत्यक्ष दूर निर्वाचन प्रणालीमा जाने हो भने यससँग सम्बन्धित लागतबारे ध्यान दिनुपर्ने हुन्छ । उदाहरणका लागि, निर्वाचन व्यवस्थापन निकायले अनलाइन प्लेटफर्म र अनलाइन तालिममा बजेटको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैगरी इमेल गर्न मिल्ने अनलाइन फाराम तथा पाठ्य सामग्री तथा यी सामग्रीको वैधानिक प्रयोगका लागि सुरक्षासम्बन्धी उपायहरूमा पनि आर्थिक स्रोत जुटाउनु पर्ने हुन्छ ।

# उम्मदवारी दर्ता

## इमेल मार्फत् उम्मेदवारी दर्ता गर्दा ध्यान दिनुपर्ने कुरा

उम्मेदवारी दर्ता प्रक्रियाले राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूको निर्वाचनमा सहभागितालाई औपचारिक बनाउँछ । राजनीतिक दल तथा उम्मेदवारले उम्मदेवारी दर्ता गर्दा पेश गरेका कागजात तथा जानकारीको आधारमा निर्वाचन व्यवस्थापन निकायले मतपत्रको प्रकाशन वा विद्युतीय मतपत्रको उत्पादन गर्छ । उम्मेदवारी

दर्ताका समयमा पेश गरिएको जानकारी मतपत्रमा प्रयोग हुने भएकोले उक्त जानकारीहरु सही हुनु आवश्यक छ। यदि उक्त जानकारीहरु गलत भएमा मतपत्रको उपयोगिता र उत्पादनमा असर पर्छ।

देशको निर्वाचन प्रणाली र कानुनी ढाँचामा आधारित हुँदै उम्मेदवारी दर्ता गर्नुपर्ने हुन्छ। त्यसमा इमेलमार्फत वा प्रत्यक्ष माध्यमबाट दर्ता प्रक्रिया पूरा गर्न सकिन्छ। इमेलमार्फत गरिने उम्मेदवारी दर्ता प्रक्रियामा उम्मेदवार तथा कर्मचारीहरुले कम स्वास्थ्य जोखिम व्यहोर्नुपर्ने हुन्छ। इमेलमार्फत गरिने उम्मेदवारी दर्ताबाट उम्मेदवार र अधिकारीहरू तुलनात्मक रुपमा राम्रो हुन्छ। घरमा प्रयोग गरिएको पञ्जीकरण फाराममा काम गरिसकेपछि हातलाई राम्रोसँग सफा गर्नुपर्छ। त्यसपछि खामलाई विधिसम्मत तरिकाले बन्द गर्नुपर्छ। यसबारे 'मतदान केन्द्र सञ्चालन' खण्डमा धेरै छलफल भइसकेको छ।

## प्रत्यक्ष उपस्थित भएर उम्मेदवारी दर्ताबारे ध्यान दिनुपर्ने कुरा

आधिकारिक सक्कली कागजात बुझाउन, हस्ताक्षर गर्न वा मतपत्रका लागि तस्बिर पेश गर्न धेरैजसो उम्मेदवारी दर्ता प्रक्रियामा निश्चित कार्यालयमा भौतिक उपस्थिति आवश्यक हुन्छ।[40] केही राष्ट्रमा राजनीतिक दल प्रतिनिधि वा साक्षीहरू स्वयं उपस्थित हुनुपर्ने व्यवस्था रहेको छ। यसबाट एकै स्थानमा मानिसको भीड बढ्न सक्छ। उम्मेदवार प्रत्यक्ष उपस्थित हुनुपर्ने दर्ताका लागि निर्वाचन व्यवस्थापन निकायले कार्यालय भित्र वा परिसरमा पर्खिएर बसेका मानिसहरूबीच भौतिक दूरी कायम गर्नुपर्ने आवश्यकतालाई ख्याल गर्नुपर्छ। कार्यालयमा भित्रिने र त्यहाँबाट बाहिरिने नियम स्पष्ट हुनुपर्छ। त्यहाँ काम गर्ने कर्मचारीले पनि सुरक्षित दूरीमा बसेर काम गर्नुपर्छ। निश्चित कार्यालय भवनमा प्रवेश गर्नु अघि हात सफा गर्ने विधि पालना गर्नुपर्छ। सान्दर्भिक निर्देशन भएका पोष्टर पनि उपयुक्त स्थानमा राखिनुपर्छ।

निर्वाचन व्यवस्थापन निकायहरूले कम्प्युटरले डिजाइन गरेको मतपत्रसहित उम्मेदवारी दर्ता प्रणालीलाई बढ्दो रूपमा अँगालिरहेका छन्। उम्मेदवारी दर्ताका क्रममा प्रणाली (सिस्टम) मा प्रवेश गरेर आफ्ना निजी जानकारी दिइसकेपछि उम्मेदवार त्यस सिस्टमबाट बाहिरिनुपर्छ (वा साइन अफ गर्नुपर्छ)। एकीकृत कम्प्युटर प्रणालीमार्फत् उम्मेदवारी दर्ता प्रणाली प्रयोग गरेर कोभिड-१९ को सङ्क्रमणको जोखिम न्यूनीकरणमा प्राविधिक उपकरणहरू सञ्चालन, उचित किसिमले कागजात आदान प्रदान, फाराममा हस्ताक्षर तथा फोटो खिच्दा अपनाउनुपर्ने विधिहरू पनि पर्दछन्। 'मतदाता दर्ता' खण्डमा यसबारे चर्चा गरिएको छ। निर्वाचन व्यवस्थापन निकायले उम्मेदवारी दर्ताका लागि निर्देशन तयार गर्दा समग्र प्रक्रियामा उचित भौतिक दूरी कायम गर्ने, हात सफा गर्ने र श्वास-प्रश्वासमा सचेततालाई पनि समावेश गरिनुपर्छ। कागजातहरू आदान प्रदान गर्दा आवेदक तथा अधिकारीहरू दुवैले मास्क र पञ्जाको प्रयोग गर्नुपर्छ। तस्बिर खिच्दा भौतिक दूरी कायम गर्नुपर्छ।

## उम्मेदवारी दर्ताका लागि हस्ताक्षर सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुरा

यो सम्भावित उम्मेदवारहरूले योग्य मतदाताबाट (आधारभूत) न्यूनतम सङ्ख्यामा समर्थन हस्ताक्षर प्रस्तुत गर्नुपर्ने अभ्यास हो। व्यक्ति व्यक्तिबाट हजारौं हस्ताक्षर सङ्कलन गर्दा र हस्ताक्षर गरिने पुस्तिका सम्हाल्दा हस्ताक्षर सङ्कलनकर्ता र हस्ताक्षरकर्ताबीच वार्तालाप गर्नुपर्ने र उनीहरूले एउटै वस्तु छुनुपर्ने भएकाले कोरोना भाइरसबाट सङ्क्रमित हुने जोखिम रहन्छ। सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायले आवश्यक हस्ताक्षरको सङ्ख्या घटाउने वा अनलाइनमार्फत् हस्ताक्षर सङ्कलन गर्न अनुमति दिनेबारे सोच्नु उचित हुन्छ।

# निर्वाचन प्रचार प्रसार

## परम्परागत सञ्चार माध्यम र नयाँ सञ्चार माध्यममा निर्वाचन प्रचार प्रसार सञ्चालनबारे ध्यान दिनुपर्ने कुरा

निष्पक्ष निर्वाचनका लागि समान निर्वाचन प्रचार प्रसारको अवसर महत्वपूर्ण मानिन्छ । सत्तासीनहरूको सञ्चार माध्यममा पहुँच हुने भएकाले उनीहरूले स्वास्थ्य सङ्कटको समयमा सञ्चार माध्यममा अतिरिक्त अवसर पाउने सम्भावना रहन्छ । विपक्षी, नयाँ उम्मेदवार तथा न्यून स्रोतसाधन भएका उम्मेदवारलाई थोरै सार्वजनिक कार्यक्रम हुने समय वा बन्दाबन्दीको अवधिमा यस्तो अवसर मिल्न गाह्रो हुन्छ । धेरै मुलुकमा सत्तासीनहरू मूलतः पुरुष नै हुन्छन् । महिला उम्मेदवारलाई निर्वाचन अभियान सञ्चालन गरेर परिचित हुन र निर्वाचित हुन कठिन हुन्छ ।

यस सन्दर्भमा सञ्चार माध्यममा सबै उम्मेदवार र दलको समान पहुँच हुनु र राजनीतिक वित्तसम्बन्धी प्रावधान लागू हुनु झन महत्वपूर्ण मानिन्छ । सञ्चार माध्यममा आउने विज्ञापनमा दल र उम्मेदवारहरूको पहुँच बढाउन र नयाँ उम्मेदवारलाई आफ्ना कुरा राख्न थप टेलिभिजनमा बहस आयोजना गर्नका लागि निर्वाचन व्यवस्थापन निकायले सरकारी र निजी सञ्चार माध्यमहरू दुवैसँग समन्वय गर्नेबारे सोच्न सक्छ । निर्वाचन व्यवस्थापन निकायले कम स्रोतसाधन भएको उम्मेदवारका लागि दर्ता शुल्क छुट गरिदिएर वा यस्तै उपाय अपनाएर उनीहरूलाई प्रोत्साहित गर्न सक्छ ।

निर्वाचन व्यवस्थापन निकायले राजनीतिक दलहरूले आफ्ना गतिविधि सञ्चालन गर्दा खास जोखिम न्यूनीकरण विधिबारे स्वास्थ्य अधिकारीहरूसँग समन्वय गर्न र रोगसँग लड्न समान किसिमको सन्देश प्रवाह गर्न प्रोत्साहित गर्न सक्छ । बहस, पत्रकार सम्मेलन तथा अन्य कार्यक्रम रेडियो, टेलिभिजन वा अनलाइनमार्फत प्रसार गर्नका लागि जोखिम न्यूनीकरणसम्बन्धी सावधानीहरू अपनाउनुपर्छ । सहभागीहरू एक अर्कामा कम्तीमा ६ फिटको दूरी कायम गरेर बस्नुपर्छ । मानिसको बीचमा बस्दा व्यक्तिगत सुरक्षा उपकरण (खासगरी मास्क) लगाउनुपर्छ । माथि भनिए झैँ हात सफा गर्ने विधिलाई प्रयोगमा ल्याउनुपर्छ । वक्ताले मास्क लगाएर बोल्दा कतिपय अवस्थामा बोली प्रष्टसँग नबुझिन सक्छ । यस्तो बेलामा वक्ताले बोलेको कुरालाई क्याप्सन बनाएर लेख्ने र साङ्केतिक भाषाका दोभाषे प्रयोग गर्ने गरेमा विषयवस्तु) बढी पहुँचयोग्य हुन सक्छ । स्क्रिन, किबोर्ड र माइक्रोफोनहरूलाई उत्पादकको निर्देशन बमोजिम निर्मलीकरण गर्नुपर्छ । खासगरी, भिडियोबाट कार्यक्रम प्रसार हुँदा आफ्ना गतिविधि अवलोकन गरिएका छन् भन्नेबारे सहभागीहरू सचेत हुनुपर्छ । उनीहरू अग्रणी (नेता) र प्रभाव निर्माता (इन्फ्युएन्सर) भएकाले रोग नियन्त्रणका लागि अपनाउनुपर्ने उपयुक्त सावधानीबारे राम्रो उदाहरण र ढाँचा निर्माण गर्नुपर्छ ।

## व्यक्तिहरूको प्रत्यक्ष सहभागिता रहने सार्वजनिक र्‍याली आयोजना गर्दा ध्यान दिनुपर्ने कुरा

धेरै मुलुकले कोभिड-१९ फैलिएको समयमा मानिसको जमघटलाई सीमित गरेकाले र्‍यालीजस्ता धेरैजसो निर्वाचनसम्बन्धी कार्यक्रम स्थगित गरिएका छन् । यदि अधिकारीहरूले निर्वाचन सम्बन्धी कार्यक्रम गर्न अनुमति दिएमा कोभिड १९ को संक्रमणबाट बच्ने नियम पालना गर्नुपर्छ ।

सार्वजनिक र्‍याली र अन्य प्रचार प्रसारका गतिविधि नियन्त्रण गर्न कठिन हुन्छ, जुन निर्वाचन व्यवस्थापन निकायको प्रत्यक्ष निगरानीभन्दा बाहिर हुन्छ । यस्तो अवस्थामा निर्वाचन व्यवस्थापन निकाय वा राजनीतिक

दलले स्वास्थ्य अधिकारीहरूसँगको सहकार्यमा अनलाइन मञ्च, कार्यशाला वा तालिम प्रायोजन गर्न सक्छन्, जहाँ स्वास्थ्य जोखिम रहँदैन र उम्मेदवारहरूले प्रश्न गर्ने र विभिन्न मामिला (इस्यु) उठाउने अवसर पाउँछन् । साथै, राजनीतिक दलहरूले स्वास्थ्य अधिकारीहरूसँगको समन्वयमा सार्वजनिक कार्यक्रमका लागि उपयोगी हुने सचेतना सामग्री पहिचान गर्नुपर्छ । उम्मेदवार र उनका टोलीले ऱ्यालीमा भौतिक दूरी कायम गर्ने कुरालाई सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्छ । जोखिममा रहेका व्यक्ति सुरक्षित रहने सुनिश्चित गर्नुका साथै बन्द स्थानमा नियमबद्ध भित्रिने र बाहिरिने विधिलाई पालना गर्नुपर्छ । भवनमा भित्रिनु र त्यहाँबाट बाहिरिनुभन्दा अघि साबुन पानीले हात धुने वा अल्कोहलयुक्त स्यानिटाइजर प्रयोग गर्ने र मानिससँगको सम्पर्क कम गर्न नियमबद्ध भएर हिँडडुल गर्ने नियमहरूलाई यस विधिमा समेट्नुपर्छ । त्यहाँ आउजाउ गर्नेहरूले फेस मास्क लगाउनुपर्छ । सहभागीहरुलाई राजनीतिक दल र उम्मेदवारहरूद्वारा भेला हुन जारी गरिएका निम्तापत्रमा सार्वजनिक स्वास्थ्यसम्बन्धी निर्देशिका समावेश हुनुपर्छ, जसमा सहभागितासम्बन्धी निर्देशिका राखिएको हुनुपर्छ । मञ्चमा बोल्ने वक्ताले स्वास्थ्य अधिकारीहरूले सिफारिस गरेका सावधानीलाई पालना गर्नुपर्छ । जस्तै : मानिसको वरिपरि हुँदा मास्क लगाउने, समर्थकलगायत कसैसँग पनि हात नमिलाउने र कुनै पनि किसिमको प्रत्यक्ष सम्पर्कमा नआउने ।

## घरदैलो अभियानबारे ध्यान दिनुपर्ने कुरा

घरदैलो अभियान सञ्चालन गर्नेहरूले व्यक्ति-व्यक्तिबीच हुने वार्तालाप (अन्तरक्रिया) लाई सीमित गरी जोखिम न्यूनीकरणसम्बन्धी उपायहरू अपनाउनुपर्छ । पर्चा वा पम्पलेट र अभियानसम्बन्धी अन्य सामग्री दिँदा पनि सावधानी अपनाउनुपर्छ । माथि छलफल गरिए अनुरूप एक-अर्कामा सुरक्षित दूरी कायम गर्नुपर्छ । मास्क र अन्य सुरक्षात्मक उपकरणहरू प्रयोग गर्नुपर्छ । प्रचारका सामग्री सीधै हातमा दिनुभन्दा ढोका बाहिर राखिदिनेजस्ता उपाय अपनाएर सीधा छुने कार्यलाई घटाउनुपर्छ ।

## मतदाताको उपस्थिति वा निर्वाचनको नतिजालाई प्रभावित तुल्याउन कोभिड-१९ सम्बन्धी दुस्प्रचार र रोगसँग सम्बन्धित वनावटी कथनबारे ख्याल गर्नुपर्ने कुरा

विषयवस्तु प्रवाह गर्ने काम निर्वाचन अभियानको एउटा महत्वपूर्ण पक्ष हो । सार्वजनिक स्वास्थ्यमा सङ्कट आएको बेला सत्तासीन र विपक्षी दुवै उम्मेदवारले निर्वाचन प्रक्रियामा आएको परिवर्तन र नागरिकमा उत्पन्न भयलाई राजनीतिक लाभका लागि उपयोग गर्ने प्रयास गर्न सक्छन् ।[41] उदाहरणका लागि, उम्मेदवारहरूले आफूहरूले राम्रो मत ल्याउन नसक्ने निश्चित क्षेत्रमा मतदातालाई मतदान कार्यबाट दुरुत्साहित गर्न रोग सर्ने जोखिमबारे बढाई चढाई गर्न सक्छन् वा, कुनै खास समूहबाट त्यस समूहसँग सम्बन्धित उम्मेदवारलाई रोग सर्ने वनावटी कथन बनाउन सक्छन् । निर्वाचन व्यवस्थापन निकायले राजनीतिक दलसँग मिलेर आचार संहिता तयार पार्न वा विद्यमान आचार संहितामा कोभिड-१९ सम्बन्धी सचेतता समाविष्ट गर्नुपर्छ । आचार संहिता उल्लङ्घन गर्नेलाई कारबाही गर्नुपर्छ । आचार संहिता उल्लङ्घनकर्ता पत्ता लगाई कारबाही गर्न निर्वाचन अभियानलाई गम्भीर किसिमले अनुगमन गर्नुपर्छ ।

# मतदाता शिक्षा

## रोग र रोगसँग सम्बन्धित सावधानीबारे मतदातालाई जानकारी दिँदा ख्याल गर्नुपर्ने कुरा

निर्वाचन प्रक्रियालाई कसरी सुरक्षित किसिमले अघि बढाउने भन्ने सुनिश्चित गर्ने तथा निर्वाचनमा सहभागिता घटाउने गरी निर्वाचन अधिकारी, मतदाता र अन्य सरोकारवालाबीच रोग फैलने निराधार हल्ला तथा त्रासबाट मुक्ति दिलाउन मतदाता शिक्षा एउटा महत्वपूर्ण पक्ष हो । मतदाताले भाइरसबारे आधारभूत कुरा बुझ्नु आवश्यक छ । अर्थात्, यो कसरी सर्छ र भाइरस सर्नबाट रोक्न के गर्नुपर्छ भन्ने थाहा पाउनुपर्छ । निर्वाचन व्यवस्थापन निकायले संक्रमण न्यूनीकरण तथा मतदाता र अन्य साझेदारहरूको स्वास्थ्य रक्षाका लागि चालिएका कदम के के छन् भन्ने प्रष्टसँग बताइ दिनुपर्छ । कोरोना भाइरसको फैलावटसँग सम्बन्धित शिक्षाप्रद पोष्टर, भिडियो तथा लोककल्याणकारी जानकारी (पीएसए) लाई निर्वाचनको अवधिभरि मानिस भेला हुने सबै ठाउँहरूमा प्रदर्शन गर्नुपर्छ । हरेक मतदाता नाम दर्ता केन्द्र, निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र निर्वाचन व्यवस्थापन निकायका स्थायी कार्यालयलाई पोष्टर तथा स्वास्थ्यसँग सम्बन्धित सन्देशहरू प्रदर्शन गर्नेबारे निर्देशन दिनुपर्छ ।

शैक्षिक सामग्री तयार गर्दा निर्वाचन व्यवस्थापन निकायका स्वास्थ्य साक्षरता[42] सम्बन्धी असल अभ्यासहरूको पालना गर्नुपर्छ । जस्तै :

**सन्देशहरूको सङ्ख्या कम गर्ने :** एक पटकमा एउटा मात्र धारणा (आइडिया) बारे कुरा गर्ने र त्यसमा तीन वा चार वटाभन्दा बढी निर्देशन नराख्ने (जस्तै : हात धुने वा हात निर्मलीकरण गर्न सम्झाउने वा निर्देशन दिने, अनुहार वा अनावश्यक सतहलाई नछुने, श्वास प्रश्वाससम्बन्धी स्वच्छता कायम गर्ने, मास्क लगाउने ।)

**के गर्ने भन्नेबारे मतदातालाई सूचित गर्ने :** प्रभावकारी वाक्यमा सकारात्मक कुरा गर्ने । मतदाताले के गर्नु हुँदैन भन्नुभन्दा पनि के गर्नुपर्छ भन्ने कुरामा केन्द्रित हुने । (जस्तै : 'हात सफा नगरी मतदान नगर्नुहोस् वा मतदान केन्द्रबाट नबाहिरिनुहोस्' भन्नुभन्दा पनि 'मतदान गर्नुभन्दा पहिले र मतदान गरिसकेपछि हात सफा गर्नुहोस्' भन्ने ।

**शब्द छनोट :** स्पष्टताका लागि छोटा वाक्य र परिचित शब्दहरू प्रयोग गर्नुहोस् । प्राविधिक वा विज्ञानसँग सम्बन्धित भाषा र अनावश्यक छोटकरी रूपहरू प्रयोग नगर्नुहोस् । प्रयोग गरिएको भाषा साँस्कृतिक दृष्टिले उपयुक्त हुनुपर्छ ।

**दृश्य सामग्रीहरूको छनोट :** पढ्न र हेर्न सजिलो हुने अक्षर र तस्बिरहरू प्रयोग गर्नुहोस् । यस्ता अक्षर र तस्बिरहरू अपेक्षित (दिन चाहेको वा दिन खोजिएको) स्वास्थ्य सन्देशलाई व्याख्या गर्न सक्ने खालको हुनुपर्छ । ठूलो आकार (साइज) मा छाप्न सम्भव हुने गरी तस्बिरहरूको गुणस्तर राम्रो हुनुपर्छ । ती साँस्कृतिक दृष्टिले सान्दर्भिक र संवेदनशील पनि हुनुपर्छ ।




*सन् २०१४ मा इबोला फैलँदा लाइबेरियामा प्रयोग गरिएको मतदाता शिक्षा सामग्रीहरूको उदाहरण*

सीमान्तीकृत समूहविरुद्ध हुने दुस्प्रचार अभियान र घृणास्पद अभिव्यक्तिलाई निर्वाचन व्यवस्थापन निकायले मतदाता शिक्षामार्फत् सही सूचना प्रवाह गर्नुपर्छ ।

## नयाँ निर्वाचन प्रक्रियाबारे मतदातालाई जानकारी दिँदा ध्यान दिनुपर्ने कुरा :

नागरिकले भाइरस के हो र यो कसरी सर्छ भन्नेबारे थाहा पाउने वा सुसूचित हुनेमात्र होइन, उनीहरूले स्वास्थ्य सचेतनालाई ध्यानमा राखेर परिवर्तन गरिएको निर्वाचन प्रक्रियाका हरेक क्रियाकलापबारे बुझ्नुपर्छ । उदाहरणका लागि, यदि भाइरस सर्न सक्ने अभिप्रायले मतदाताले आफ्ना परिचय खुल्ने कागजात मतदान कर्मचारीलाई दिनु नपर्ने भएमा त्यस्ता नयाँ निर्देशनलाई पूर्वजानकारीका लागि कुनै अभियानमार्फत् वा लोककल्याणकारी सूचनामार्फत तथा मतदान केन्द्रमा प्रदर्शन गरी र मतदान कर्मचारीले पुनःव्याख्या गर्नुपर्ने हुन्छ । निर्वाचन व्यवस्थापन निकाय र नागरिक समाजका संस्था (गैरसरकारी संस्था) ले सीमान्तीकृत समुदायहरूमा मतदाता शिक्षा पुगेको सुनिश्चित गर्न अरू संस्थाहरूसँग समन्वय गर्नुपर्छ । सन्देशलाई पहुँचयोग्य बनाउन त्यसमा क्याप्सन राख्ने र साङ्केतिक भाषाको प्रयोग पनि गर्नुपर्छ ।

मतदाता नामावली दर्ता, उम्मेदवारी दर्ता वा मतदान जस्ता गतिविधिका लागि वैकल्पिक विधि अपनाउने हो भने नागरिकलाई नयाँ निर्देशन कसरी दिने भन्नेबारे निर्वाचन व्यवस्थापन निकाय थप सचेत हुनुपर्छ । अनलाइन वा हुलाकमार्फत पठाइने फाराम यथासम्भव सरल हुनुपर्छ । त्यसमा विस्तृत निर्देशन समाविष्ट हुनुपर्छ र नागरिकले सफलतापूर्वक काम सम्पन्न गरेको निश्चित पनि हुनुपर्छ । नयाँ प्रक्रिया र प्रविधि लागू गर्दा आशङ्काको वातावरण उत्पन्न हुने खतरा पनि रहन्छ । खासगरी, ध्रुवीकृत वातावरणमा एक वा एकभन्दा बढी दलले प्रक्रियाका वैधता माथि प्रश्न उठाएर फाइदा लिन सक्छन् । नयाँ विधि सिक्नु पर्ने भएकाले सूचनाको पारदर्शिता कायम गर्ने र नागरिकलाई निर्वाचन परिणाम स्वीकार्ने वातावरण निर्माण गर्न (नतिजाको स्वीकार्यता) का लागि अर्थपूर्ण हुन्छ ।

# मतदाता दर्ता

## मतदाता दर्ता सम्बन्धी सुविधाबारे ध्यान दिनुपर्ने कुरा

मतदाता नामावलीसम्बन्धी कानुनी ढाँचा देशैपिच्छे फरक हुनसक्छ । निर्वाचन व्यवस्थापन निकायले नागरिक दर्ता अभिलेख (सिभिल रजिष्ट्री) वा कर अधिकारीको अभिलेखबाट सीधै लिइएका विवरणबाट लगभग ३६ प्रतिशत मुलुक[43] ले मतदाता नामावली प्रयोग गरेको पाइन्छ । निर्वाचन व्यवस्थापन निकायबाट अन्तिम मतदाता नामावली नै मतदान केन्द्रमा पठाइन्छ । त्यसपछि योग्य मतदातालाई इमेल, टेक्ट मेसेज वा सम्बन्धित निर्वाचन व्यवस्थापन निकायको वेबसाइटमार्फत् जानकारी गराइन्छ । यद्यपि, केही मुलुकमा सम्भाव्य मतदाता र निर्वाचन अधिकारीबीच सूचना आदान प्रदान हुनुपर्छ, जुन कि त सम्बन्धित व्यक्तिसँग सीधै गर्न पनि सकिन्छ, कि त हुलाक वा अनलाइन मतदाता नामावली दर्ताको माध्यमबाट अप्रत्यक्ष रूपमा पनि गर्न सकिन्छ ।

मतदाता नामावली दर्ता प्रक्रियाबाट जमघट बढ्न सक्छ । खासगरी, निर्वाचन व्यवस्थापन निकाय र राजनीतिक दलहरूले आयोजना गर्ने मतदाता नामावली दर्ता अभियानको सुरु र अन्त्यमा भीडभाड बढ्न सक्छ । यद्यपि, व्यक्ति स्वयं उपस्थित भएर मतदाता नामावली दर्ता गर्ने प्रक्रियामा जोखिम रहन्छ, जसमा व्यक्ति नै उपस्थित भएर मतदान गरेसरह नै जोखिम रहन्छ । यसमा मतदाता नामावली दर्ता अभियानमा जस्तो एकैचोटि ठूलो जमघट नहुने भएकाले जोखिम अलि कम हुन्छ । यसका अतिरिक्त, नामावली दर्ताका समयमा निर्वाचन व्यवस्थापन निकायका अधिकारी, सञ्चारकर्मी (मिडिया), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक र दलका प्रतिनिधिको उपस्थिति एकदमै कम हुन्छ । यस्तोमा भौतिक दूरी कायम गर्न सजिलो हुन्छ । कानुनले साथ दिएमा निर्वाचन व्यवस्थापन निकायले मतदाता नामावली दर्ताको अवधि लम्ब्याउन सक्छ वा मानिसको भीडभाड घटाउन नामावली दर्ताका लागि विभिन्न थप मितिहरू तोकिदिन सक्छ । ठाउँको छनोट, योजना, लेआउट (रूपरेखा) र निर्मलीकरण सुविधासम्बन्धी थप विवरण 'निर्वाचन केन्द्र सञ्चालन' खण्डमा पाउन सकिन्छ ।

## मतदाता नामावली दर्तासम्बन्धी उपकरण र वस्तुहरूबारे ख्याल गर्नुपर्ने कुरा

बितेको दुई दशकमा जालसाजीको जोखिम हटाउने अभिप्रायले मुलुकहरूले बायोमेट्रिक मतदाता नामावली प्रणाली बढ्दो रूपमा लागू गरे । निष्ठा बढाउने यो विधिका कारण मतदाता नामावलीप्रति नागरिकको विश्वासमा सुधार पनि आयो । तर, यसले मतदाता नामावलीलाई थप जटिल त बनायो नै, रोग सर्ने सम्भावना पनि बढायो । नयाँ बायोमेट्रिक प्रणालीका लागि दर्ता अधिकारीहरूले ल्यापटप, डिजिटल क्यामरा र फिन्गरप्रिन्ट

स्क्यानर चलाउनु पर्ने हुन्छ । साथै, परम्परागत दर्ता प्रक्रिया पनि पूरा हुन्छ । कागजमा आधारित प्रक्रिया होस् वा विद्युतीय उपकरण उपयोग गरेर अघि बढाइने प्रक्रिया नै होस्, निर्वाचन व्यवस्थापन निकायले कोरोना भाइरस फैलने जोखिम न्यूनीकरणमा प्रभावकारी भूमिका निर्वाह गर्नै पर्छ ।

मतदाता नामावली दर्ता गराउन चाहनेहरूले दर्ता अधिकारीसमक्ष पूर्ण विवरणसहितको फाराम र आधिकारिक परिचयपत्र बुझाउनुपर्छ । यस्ता कागजात केही घण्टा वा दिनदेखि भाइरसबाट सङ्क्रमित भएका हुनसक्छन् । यस्ता चीजमा कति समयसम्म भाइरस रहन्छ भन्ने कुरा सामग्री[44] को प्रकृतिमा निर्भर रहन्छ । सम्भव भएसम्म यस्ता सामग्री प्रयोग नगर्नु राम्रो हुन्छ । निवेदन फाराम भर्न र हस्ताक्षर गर्न प्रयोग हुने कलमलगायतका कार्यालयमा प्रयोग हुने साझा वस्तुमा भाइरस रहने जोखिम रहन्छ । निर्वाचन व्यवस्थापन निकायले नामावली दर्ता गराउन आउनेहरूलाई आफ्नै कलम प्रयोग गर्न प्रेरित गर्नुपर्छ । जनस्तरमा पुग्ने अभियान (पब्लिक आउटरिच क्याम्पेन) मा यस्ता कुराहरूलाई जोड दिनुपर्छ । दर्ता कार्यालयले एक पटक प्रयोग गरेर फाल्न मिल्ने कलमहरूको व्यवस्था पनि गर्नुपर्छ । यस्ता चीजहरूले एकजनाले प्रयोग गरेपछि निर्मलीकरण गरेर प्रयोग गर्दा धेरै समय खर्च हुन्छ ।

नामावली दर्ता प्रक्रियामा सङ्क्रमण हुने मुख्य जोखिम नाम दर्ता गराउने व्यक्ति र दर्ता अधिकारीबीचको भौतिक दूरीमा निर्भर रहन्छ । नामावली दर्ता गराउन चाहने व्यक्तिले आवश्यक छ फिटको दूरी (जसलाई भुइँ वा भित्तामा जनाइनुपर्छ) मा फर्कनुभन्दा पहिले आफ्ना कागजात तोकिएको सफा डेक्समा राख्ने संहिता (प्रोटोकल) बनाइनुपर्छ । यसो गरेमा निर्वाचन अधिकारीहरूले कागजातमा नाम, तस्बिर र हस्ताक्षर परीक्षण गर्न सक्छन् । नामावली दर्ता गराउन चाहने व्यक्ति र दर्ता अधिकारीहरूबीच समय समयमा निर्मलीकरण गरिएको पारदर्शी शिशालाई वैकल्पिक रूपमा राख्न सकिन्छ । नामावली दर्ता गराउन चाहने व्यक्तिले फर्म भर्ने निश्चित ठाउँलाई पनि समय समयमा निर्मलीकरण गरिनुपर्छ । त्यस ठाउँमा व्यक्तिहरूले पालना गर्नुपर्ने उपयुक्त भौतिक दूरीलाई पनि सङ्केत गरिनुपर्छ ।

फिङ्गरप्रिन्ट स्क्यानर, डिजिटल क्यामरा आदि जस्ता बायोमेट्रिक विधिबाट तथ्याङ्क सङ्कलन गर्ने देशहरूले निश्चित संहिता लागू गर्नुपर्छ । निर्वाचन व्यवस्थापन निकायले उत्पादकहरूसँग सम्पर्क गरी कुन वस्तुलाई बिना कुनै क्षति कसरी निर्मलीकरण गर्न सकिन्छ बन्नेबारे विस्तृत निर्देशिका माग्नुपर्छ । अमेरिकी संस्था द यूएस इलेक्सन असिस्टेन्स कमिसनले विभिन्न प्रदायक र उत्पादकहरूले भोटिङ मेसिन र विद्युतीय सामग्रीको कसरी सरसफाई गर्ने भन्ने निर्देशिकासहितको उपयोगी सूची सङ्कलन गरेको छ ।[45] उपलब्ध भएमा छुनु नपर्ने फिङ्गरप्रिन्ट प्रविधि र अनुहार पहिचान गर्ने उपकरणको प्रयोगबाट रोग सर्ने वस्तुहरू छुनु नपर्ने भएकाले यिनीहरू उत्तम विकल्प हुन् । अनुहार पहिचान गर्ने नयाँ उपकरणले मास्क लगाएको मतदातालाई पनि पहिचान गर्छ । नाम दर्ता गराउन चाहनेहरूको तस्बिर खिच्दा वा बायोमेट्रिक जानकारी सङ्कलन गर्दा कायम गर्नुपर्ने भौतिक दूरीबारे दर्ता कर्मचारीहरू सचेत हुनुपर्छ । अनुहार पहिचानका लागि आवश्यक पर्ने तस्बिर खिच्दा क्यामरा र सम्बन्धित व्यक्तिको दूरी छ फिटभन्दा कम हुनुपर्दछ । कतिपय बायोमेट्रिक मतदाता नामावली दर्ता किटमा क्यामरा अभिन्न अङ्ग मानिन्छ, जसले दर्ता कर्मचारीलाई मतदाता नामावली दर्ता गराउन चाहने व्यक्तिको नजिक हुन बाध्य पार्दछ । यस्तो अवस्थामा दर्ता कर्मचारीहरूले गुणस्तरयुक्त र भरपर्दो व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) लगाउनुपर्छ ।

एकभन्दा बढी कर्मचारीले एउटै ल्यापटप वा डेक्टटप प्रयोग गर्नुपर्ने भएमा त्यसलाई हरेक सत्र (सिफ्ट) को अन्त्यमा निर्मलीकरण गर्नुपर्छ । त्यससँग जोडिएका माउस, प्रिन्टर तथा कार्यालयमा प्रयोग अन्य वस्तु ( स्टचाप्लर, मार्कर पेन, मतदाता दर्ताका लागि प्रयोग हुने सामग्री) लाई पनि दर्ता कर्मचारीले निर्मलीकरण गर्नुपर्छ ।

# मतदान कर्मचारी नियुक्ति र तालिम

## मतदान कर्मचारी नियुक्तिबारे ख्याल गर्नुपर्ने कुरा

कुनैपनि योग्य नागरिकलाई निर्वाचनमा मतदान कर्मचारीको रूपमा सेवा गर्ने अवसरबाट वञ्चित गरिनु हुँदैन । सार्वजनिक स्वास्थ्यमा सङ्कट आएको विशेष परिस्थितिमा निर्वाचन व्यवस्थापन निकायले कर्मचारी नियुक्ती प्रक्रिया सुरु गर्दा केही कुरामा प्रतिबन्ध लगाउने वा चेतावनी दिनेबारे सोच्नुपर्छ । यीमध्ये पहिलो हो, स्वास्थ्यकर्मीबारे ध्यान दिनुपर्ने कुरा । कोभिड-१९ जस्तो सार्वजनिक स्वास्थ्यमा सङ्कटको समयमा अस्पताल र अन्य स्वास्थ्य सेवामा व्यापक चाप पर्छ । स्वास्थ्यकर्मीहरू बढ्दो बिरामी सङ्ख्याका कारण हेरचाहमा व्यस्त हुन्छन् । खासगरी, सबै कर्मचारीले मतदान कर्मचारीको रूपमा अनिवार्य सेवा दिनुपर्ने प्रावधान रहेका देशमा स्वास्थ्यकर्मीहरूलाई भने मतदान कर्मचारीको जिम्मेवारीबाट मुक्त गर्न निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । सङ्क्रमणको उच्च जोखिममा रहेका वा गम्भीर लक्षण देखिएका र रोगबाट उच्च मृत्युदर देखिएका मानिसहरूको समूहलाई मतदान कर्मचारीबाट मुक्त गर्नुपर्छ । कोभिड-१९ को सन्दर्भमा वृद्ध हुँदै गएका वयस्क र गम्भीर स्वास्थ्य समस्या भएका मानिसहरूमा गम्भीर सङ्क्रमण हुने देखिएको छ । निर्वाचन व्यवस्थापन निकायले यस्ता व्यक्तिहरूलाई सेवामा नराख्ने वा आफ्ना जिम्मेवारी प्रभावकारी र सुरक्षित किसिमले पूरा गर्नका लागि उनीहरूलाई सबै सुरक्षात्मक उपकरण र उचित आवास उपलब्ध गराउनुपर्छ ।

स्वास्थ्य सङ्कटका कारण मतदान गर्नेहरूको सङ्ख्यामा कमी आउने सम्भावना भए पनि निर्वाचन व्यवस्थापन निकायले कम मतदान कर्मचारीमा भन्दा पनि तालिममा बढी ध्यान दिनुपर्छ । धेरै मानिस बिरामी हुन सक्ने भएकाले बिरामी आफन्तजनको सेवा-सुश्रुषा गर्नुपर्ने अवस्था आउन सक्छ । कतिले रोगको डरले निर्वाचन हुने दिन[46]को ठीक अगाडि छाड्न सक्छन् । दक्ष र प्रशिक्षित जनशक्तिले उनीहरूलाई प्रतिस्थापन गर्न सक्छन् ।

## मतदान कर्मचारीलाई प्रत्यक्ष तालिम दिंदा ख्याल गर्नुपर्ने कुरा

सार्वजनिक स्वास्थ्य सङ्कटका बेला मतदान कर्मचारीका लागि नियमित तालिम र निर्वाचन प्रक्रियामा सामेल हरेक व्यक्तिलाई भाइरसबारे अतिरिक्त तालिम दिनुपर्छ । यसमा भाइरस सर्ने माध्यम र यसलाई नियन्त्रण गर्ने विधिका बारेमा विशेष ध्यान दिनुपर्छ । मतदान कर्मचारीले आफ्नो स्वास्थ्य रक्षा गर्ने र निर्वाचन प्रक्रियामा मतदाताको स्वास्थ्य रक्षा कसरी गर्ने भन्नेबारे विशेष निर्देशन पाउनुपर्छ । जस्तै : मास्क कसरी लगाउने र आवश्यक ठाउँमा पञ्जा कसरी लगाउने, हात र सतहलाई कसरी निर्मलीकरण गर्ने, मतदाताको लामलाई कसरी व्यवस्थित गर्ने र मतदातालाई निर्वाचन प्रक्रियाका सबै चरणमा कसरी उचित व्यवहार अनुसरण गर्ने भन्नेबारे ध्यान दिनुपर्दछ । मतदान कर्मचारी र मतदाताले पालना गर्नुपर्ने विशेष उपाय पनि प्रशिक्षण सामग्रीमा समावेश गर्नुपर्छ ।

यदि सार्वजनिक स्वास्थ्य सङ्कटको परिणाम स्वरूप नयाँ प्रक्रिया लागू गरिएको छ भने अनुभवी मतदान कर्मचारीलाई थप सावधानी आवश्यक पर्छ भन्नेबारे निर्वाचन व्यवस्थापन निकायले ख्याल गर्नुपर्छ । यो नयाँ विषयवस्तु प्रशिक्षण सामग्रीमा स्पष्टसँग प्रस्तुत गर्नुपर्छ । मतदान कर्मचारीलाई प्रश्नहरूको उत्तर दिनुपर्नेबारे जानकारी दिनुपर्छ । अस्पष्ट कुरालाई प्रष्ट पार्नुपर्छ र सामग्रीले दिन खोजेको सन्देश बुझेको सुनिश्चित हुनुपर्छ । तालिमका सत्रहरू प्रत्यक्ष रूपमा सञ्चालन गर्न सकिने हो भने निर्वाचन अधिकारीहरूले कक्षाको आकार (कुनै निश्चित समयमा कति मानिस भेला हुन सक्छन् भन्ने नियमलाई पालना गर्नुपर्छ) र तालिम लिनेहरू बीचको भौतिक दूरीलाई ख्याल गर्नुपर्छ । धेरै ठाउँ आवश्यक परेमा सहभागीहरूलाई ठूलो ठाउँमा सार्नुपर्छ । सबैलाई हात र सतह निर्मलीकरणका लागि आवश्यक पर्ने सामग्रीहरू उपलब्ध गराउनुपर्छ (यससम्बन्धी विस्तृत विवरण

मतदान केन्द्र सञ्चालन खण्डमा हेर्नुहोला) । तालिम हलभरि हात निर्मलीकरणबारे निर्देशनकासाथै श्वासप्रश्वाससम्बन्धी संहिताबारे जानकारी दिने लिखित एवं चित्रात्मक सामग्रीको प्रदर्शन गरेर सम्झाई रहनुपर्दछ ।

## दुर्गम तथा भर्चुअल तालिमबारे ख्याल गर्नुपर्ने कुरा

यदि मतदान कर्मचारीका लागि टाढैबाट तालिम सञ्चालन गर्न सकिन्छ भने भर्चुअल वा अनलाइन कक्षाका माध्यमबाट मानिस भेला हुँदा हुने समस्या समाधान गर्न सकिन्छ । तर, एउटा समस्या समाधान भए पनि अरू समस्याको श्रृङ्खला शुरु हुन्छ । निर्वाचन व्यवस्थापन निकायले सबै मतदान कर्मचारीले तालिममा सजिलै पहुँच पाएका छन् भन्ने सुनिश्चित गर्नुपर्छ, जसका लागि उच्च गतिको इन्टरनेट देशभरि र सबै सामाजिक तह-तप्कामा पहुँच हुनुपर्छ । तालिमको ढाँचा पनि समावेशी हुनुपर्छ । अपाङ्गता भएका व्यक्ति र नयाँ प्रविधिसँग त्यति परिचित नभएका व्यक्तिहरूलगायत सबैका लागि पहुँचयोग्य हुनुपर्छ । निर्वाचन व्यवस्थापन निकायले इन्टरनेट पहुँचसहित कम्प्युटर र मतदान कर्मचारीलाई तालिम सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउनेबारे सोच्नुपर्छ । प्रशिक्षार्थीलाई राखिने स्थलको स्तरीय निर्मलीकरण र भौतिक दूरी कायम गर्ने अभ्यासहरू (जस्तै : एक-अर्काले उपयुक्त किसिम निर्मलीकरण गर्ने र एउटा कम्प्युटर र अर्को कम्प्युटरबीचको दूरी थोरैमा छ फिट कायम हुनुपर्ने) पालना गर्नुपर्छ । साथै, कुनै खास समयमा सुविधामा रहेका मानिसको सङ्ख्या घटाउने बारे पनि सोच्नुपर्छ ।

तालिम प्राप्त गरिरहेका मतदान कर्मचारीलाई बचाउने यी उपायका अतिरिक्त प्रशिक्षार्थीहरूले तालिम पूरा गरी आवश्यक ज्ञान प्राप्त गरेको सुनिश्चित गर्ने उपायबारे पनि निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । अनलाइन तालिमका सत्रहरू टाढाबाट सञ्चालन हुने भएकाले प्रशिक्षार्थीहरूले भिडियो हेरेका, अध्ययन सामग्री पढेका र विषयवस्तुमा ध्यान दिएका कुरा थाहा पाउन निर्वाचन व्यवस्थापन निकायलाई मुस्किल पर्छ । यो भर्चुअल तालिमको प्रभावकारिता मापन (अनुगमन) का लागि निर्वाचन व्यवस्थापन निकायले सहभागीले तालिममा ध्यान दिए-नदिएको थाहा पाउने विधि, हाजिरीजवाफ तथा तालिमभन्दा अगाडि र तालिमपछिका परीक्षण (टेष्ट) लाई उपयोगमा ल्याउनुपर्छ । मतदान कर्मचारीहरूले निश्चित अङ्क प्राप्त गरेपछि मात्र तालिम पूरा गरेको प्रमाणपत्र पाउने व्यवस्था हुनुपर्छ ।

# घरेलु तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक तथा दलका प्रतिनिधिहरू

## निर्वाचन पर्यवेक्षक छनोट र खटनपटनबारे ख्याल गर्नुपर्ने कुरा

निर्वाचन पर्यवेक्षक र दलका प्रतिनिधिहरू निर्वाचन प्रक्रियाका अभिन्न अंग हुन् । यिनीहरूले निर्वाचन स्थलमा हुने अनियमितता र जालसाजीविरुद्ध सचेतकको भूमिका निर्वाह गर्छन् । यी व्यक्तिहरूविरुद्ध जोखिम हटाउन निर्वाचन व्यवस्थापन निकाय, पर्यवेक्षणसम्बन्धी संस्था तथा राजनीतिक दलहरूले हरेक केन्द्रमा पर्यवेक्षक र दलका प्रतिनिधिहरू घटाउन सक्छन् वा एउटा केन्द्रमा थोरै मानिस हुने गरी पालैपालो खटाउन सक्छन् । पर्यवेक्षक र दलका प्रतिनिधिको सङ्ख्या घटाउनुको अतिरिक्त मतदाता, निर्वाचन अधिकारी र निर्वाचन सामग्रीहरूसँग सीधा सम्पर्क हटाएर तथा भौतिक दूरी कायम गरेर स्वास्थ्यसँग सम्बन्धित जोखिम पनि न्यून गर्न सकिन्छ । पर्यवेक्षक र दलका प्रतिनिधिहरूले मास्क लगाएर सङ्क्रमणको जोखिम घटाउन सक्छन् ।

काममा खटिनुभन्दा अगाडि पर्यवेक्षण संस्था तथा राजनीतिक दलले आफ्ना पर्यवेक्षक तथा प्रतिनिधिहरूलाई मतदान कर्मचारीसँगै कोरोना भाइरस, हात निर्मलीकरण तथा श्वास-पश्स्वासको शुद्धतासम्बन्धी अभ्यासबारे शैक्षिक सामग्री र तालिम दिनुपर्छ । निर्वाचन व्यवस्थापन निकाय, राजनीतिक दल तथा पर्यवेक्षणसम्बन्धी संस्थाले जोखिममा रहेका व्यक्ति तथा स्वास्थ्यकर्मीहरूलाई निर्वाचनमा प्रत्यक्ष अवलोकन गर्ने कार्यमा सहभागी हुनबाट रोक्नुपर्छ । त्यसैगरी, यस्तो कार्यमा सहभागी हुँदा जोखिम हुन्छ भन्नेबारे उनीहरू पूर्ण सचेत रहेको पनि सुनिश्चित गर्नुपर्छ ।

## पर्यवेक्षक तथा राजनीतिक दलका प्रतिनिधिको प्रमाणीकरणबारे ख्याल गर्नुपर्ने कुरा

निर्वाचन पर्यवेक्षक र दलका प्रतिनिधिले फरक-फरक भूमिका निर्वाह गरे पनि आ-आफ्ना जिम्मेवारी लिनुभन्दा अगाडि उनीहरूलाई निर्वाचन व्यवस्थापन निकायले प्रमाणीकरण गर्नुपर्छ । यसको अर्थ हो- निर्वाचन अधिकारीहरूले सिमित समयसीमामा प्राप्त धेरै प्रमाणीकरणसम्बन्धी निवेदनहरू उपर कारबाही गर्नुपर्ने हुन्छ । यो प्रमाणीकरण प्रक्रिया बढ्दो रूपमा व्यापक हुँदै आएको छ । सामान्यतया, घरेलु संस्थाहरूले निर्वाचन व्यवस्थापन निकायमा पर्यवेक्षणको अंग (हिस्सा) बन्नका लागि पहिले निवेदन दिनुपर्छ । संस्थाले मान्यता पाएपछि उसले हरेक व्यक्तिगत पर्यवेक्षकका लागि निवदेन पेश गर्छ । कतिपय अवस्थामा निश्चित (डेडिकेटेड) वेबसाइट प्रयोग गरेर अनलाइन निवेदन पनि दिन सकिन्छ ।[47] निर्वाचन व्यवस्थापन निकायले प्रमाणीकरण गरेपछि प्रमाणीकरण गरेको जानकारी गराउने पत्र वा ब्याज उत्पादन गरिन्छ र पर्यवेक्षण निकायलाई आन्तरिक वितरणका लागि पठाइन्छ । यद्यपि, अनलाइन आवेदनभन्दा प्रत्यक्ष निवेदन बढी चल्तीमा छ, जसका लागि निर्वाचन व्यवस्थापन निकायको निश्चित फिल्ड कार्यालयमा हरेक पर्यवेक्षक उपस्थिति हुनुपर्छ । फिल्ड कार्यालयमा अधिकृतहरूको एउटा टोलीले निवेदन सङ्कलन गरी आवश्यक प्रक्रिया अघि बढाउँछन् । त्यसपछि उनीहरूले व्यक्तिको तस्बिरसहितको व्यक्तिगत विवरण भएको परिचयपत्र जारी गर्छन् । कतिपय देशमा अधिकारीले नै थलोमै तस्बिर लिने गर्छन् । कहिलेकाहीँ शुल्क पनि तिरिन्छ । यसका लागि सीधै नगद दिइन्छ वा कार्डमार्फत भुक्तानी गरिन्छ । दलका प्रतिनिधिको प्रमाणीकरण कार्य दुई चरणमा हुन्छ । यद्यपि, सफलतापूर्वक दर्ता भएका दल वा उम्मेवारलाई निर्वाचन व्यवस्थापन निकायले दलको एजेन्टका रूपमा निवेदन दिन स्वतः योग्य ठान्दछ । यस प्रक्रियामा व्यक्ति-व्यक्तिबीचको अन्तरक्रिया (वार्तालाप) पर्यवेक्षकका लागि एकै किसिमको हुन सक्छ किनभने दलको प्रतिनिधि आफैँ उपस्थित भएर प्रमाणीकरण फाराममा हस्ताक्षर गर्नुपर्छ र परिचयपत्रका लागि तस्बिर पनि खिचाउनुपर्ने हुन्छ ।

पर्यवेक्षक र राजनीतिक दललाई प्रमाणीकरण गर्ने जिम्मेवारी पाएका निर्वाचन व्यवस्थापन निकायको कार्यालयले भाइरस सर्ने जोखिम न्यूनीकरणका लागि मतदाता नामवली दर्ता र मतदान केन्द्र सञ्चालनका समयमा अपनाइने सुरक्षात्मक विधि अपनाउनुपर्छ । प्रमाणीकरणका लागि व्यक्तिगत जानकारी सङ्कलन गर्न र तस्बिर खिच्न एकीकृत कम्प्युटर प्रणाली प्रयोग गरिने ठाउँमा यस अघि नै उल्लेख गरिएको प्राविधिक उपकरण सञ्चालनसम्बन्धी निर्देशिकालाई ख्याल गर्नुपर्छ । यसबारे थप जानकारी पाउनका लागि मतदाता नामवली दर्ता र मतदान केन्द्र सञ्चालन खण्डहरू हेर्नुहोस् । यसका अतिरिक्त, प्रमाणीकरणको पूरा प्रक्रिया अघि बढाउँदा कागजातको उचित आदानप्रदान, सही गरिएको कागजात तथा सबै प्रयोग गरेका वा छोएका वस्तुलाई निर्मलीकरण गरिनुपर्छ । सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायले व्यक्ति नै उपस्थिति भएर गर्ने प्रमाणीकरणभन्दा अनलाइन प्रमाणीकरण प्रक्रियालाई लागू गर्नुपर्छ वा यसलाई विस्तार गर्नुपर्छ । निर्वाचन व्यवस्थापन निकायले निर्वाचन पर्यवेक्षक तथा राजनीतिक दलको प्रतिनिधिको प्रमाणीकरण अघि बढाउँदा यी सबै सार्वजनिक स्वास्थ्यसम्बन्धी सरोकारहरूलाई आफ्नो निर्देशिकामा समेट्नुपर्छ ।

# चरण २ : निर्वाचनको दिन तथा निर्वाचन पश्चात्का क्रियाकलाप

## मतदान केन्द्र सञ्चालन

निर्वाचनको दिनमा मतदान केन्द्रमा धेरै मानिसको जमघट हुन्छ । यस्तो जमघटमा मानिसहरु एकआपसमा नजिकबाट वार्तालाप हुन सक्ने हुँदा भाइरस सर्ने सम्भावना उच्च रहन्छ । यसैगरी, निर्वाचनको दिनमा मानिसहरूले निर्वाचन प्रक्रियालाई नजिकबाट अनुभव गर्छन् र निर्वाचन-प्रक्रियाको औचित्य, निर्वाचनको निष्ठा र विश्वसनीयतालगायतका विषयमा सामान्य धारणा बनाउँछन् । शौभाग्यवश, मतदान केन्द्र त्यो परिवेश हो, जसलाई निर्वाचन व्यवस्थापन निकायले नियन्त्रण गर्छ । सबै मतदान केन्द्रलाई जोखिमरहित बनाउने प्रयास गरिनुपर्छ । जेहोस्, कुनै मतदाता वा मतदान कर्मचारी कोभिड-१९ बाट सङ्क्रमित भए पनि लक्षण नदेखिँदा पनि उसले अरूलाई भाइरस सार्न सक्षम हुन्छ । त्यसकारण, मतदान केन्द्रमा कुनै व्यक्ति सङ्क्रमित हुनसक्छ भनेर सबै खालका सचेतता अपनाउनुपर्छ ।

## मतदान स्थलबारे ध्यान दिनुपर्ने कुरा

खराब मौसमले निर्वाचनलाई प्रभाव पार्न सक्छ । त्यस्तो बेलामा एउटै छानोमुनि धेरै मानिस बस्नुपर्ने अवस्था आउन सक्छ (यसबारे थप विवरण निर्वाचन तथा स्रोत सामाग्री व्यवस्थापन खण्डमा हेर्नुहोला) । निर्वाचन अधिकारीहरूले वर्षा र बिजुली चम्केको समयमा धेरै मानिस सुरक्षित किसिम जमघट हुन सक्ने फराकिलो ठाउँ पहिचान गर्नुपर्छ । यस्तो ठाउँ पर्याप्त खुला ठाउँ भएको वा ताजा (प्राकृतिक) हावा आहोरदोहोर हुन सक्ने गरी पर्याप्त झ्याल ढोका भएको हुनु राम्रो मानिन्छ । यदि सम्भव छ भने बस्ने तथा लाम लाग्ने ठाउँ एक व्यक्तिबाट अर्को व्यक्तिमा मुखको छिटा (बुँद) सर्न नसक्ने हुनुपर्छ । यस्तो सार्वजनिक भवन वा कुनै सार्वजनिक ठाउँ हुन सक्छ । तर, यसलाई जमघटभन्दा पहिले नै पहिचान गर्नुपर्छ । पहिचान गरिएको (छानिएको) घर सबैका लागि पहुँचयोग्य छ र आफूहरू आपत्कालीन योजनाबारे सचेत रहेकोबारे निर्वाचन अधिकारीहरूले सुनिश्चित गर्नुपर्छ । यसो भएमा उनीहरूले छत र पर्खाल भएको भवनमा प्रवेश, भौतिक दूरी, हातको सफाइ (निर्मलीकरण) र भवनबाट बाहिरिने संहिता पालनाबारे निर्देशन गर्न सक्छन् ।

छत र पर्खाल भएको उपयुक्त आकार (साइज) को भवन पत्ता लगाउनुका साथै निर्वाचन व्यवस्थापन निकायले मतदान केन्द्र सुरक्षित र पहुँचयोग्य भएको तथा जोखिममा रहेका मानिसहरूमा स्वास्थ्य जोखिम नबढ्ने पनि सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि बालबालिकामा रोग सर्ने सम्भावना छ भने विद्यालय भवन (स्कुल) बाट मतदान केन्द्र अन्तै सार्नुपर्छ । कोभिड-१९ को सन्दर्भमा बढी उमेरका र गम्भीर किसिमका रोग भएका मानिस उच्च जोखिममा पर्ने भएकाले त्यस्ता मानिस बस्ने वा जमघट हुने थलो (जस्तै : आराम गृह, वृद्धाश्रम, अस्पताल) बाट मतदान केन्द्र अन्तै सार्नेबारे निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । तर, यस्तो परिवर्तन गर्दा ध्यान दिनु पर्ने कुरा के हो भने जोखिममा रहेका ती व्यक्तिहरूको अधिकार हनन हुने गरी गर्नु हुँदैन । देशको कानुनी ढाँचा र वैकल्पिक उपायहरूबारे निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । वैकल्पिक उपायहरूमा हुलाकबाट मतपत्र पठाउने, विश्वासिलो व्यक्तिलाई मतदान गर्न लगाउने (प्रोक्सी भोटिङ), त्यस्ता मतदातालाई मतदानको निश्चित समय तोकिदिने (यसो गर्दा उनीहरू लाममा बस्नुपर्दैन र सम्भावित सम्पर्क हट्छ) आदि पर्छन् ।

## मतदान केन्द्रको निर्माण (लेआउट) बारे ध्यान दिनुपर्ने कुरा

मतदान केन्द्रको भित्रपट्टिको भाग निर्माण गर्दा सावधानीपूर्वक गर्नुपर्छ । मतदान कर्मचारीहरूका लागि टेबल र सिटहरू राख्दा भौतिक दूरीलाई ध्यान दिनुपर्छ । अधिकारीहरूले व्यक्ति-व्यक्तिबीचको सम्पर्क हटाउन मतदान प्रक्रियाका हरेक चरणमा मतदाताको आवागमनलाई नियन्त्रण गर्नुपर्छ । हात तथा उपकरणहरूको निर्मलीकरणका लागि समय छुट्याउनुपर्छ । अनावश्यक वस्तुहरूलाई छुने अवस्था आएमा त्यस्ता वस्तुलाई हटाउनेबारे निर्वाचन व्यवस्थापन निकायले सोच्नुपर्छ । जस्तो : निर्वाचन व्यवस्थापन निकायले थोरै ढोका भएका भवन वा छुनु नपर्ने स्वचालित ढोकालाई प्राथमिकता दिनेबारे सोच्नुपर्छ । कपडाको पर्दा हालिएको भन्दा निश्चित बुथ हुनु राम्रो हुन्छ । यसो भएमा कपडालाई छुनुपर्दैन । धेरै व्यक्ति बस्ने ठाउँ (कुर्सी) र लहरै राखिएका कुर्सीलाई हटाउनुपर्छ । मतदान केन्द्रमा अनावश्यक वस्तु तथा सतहलाई हटाउनुपर्छ । उपलब्ध भएको अवस्थामा मतदान कर्मचारी र मतदाताहरूबीच सीधा सम्पर्क हटाउन टेबलमा पारदर्शी शिशा राख्न सकिन्छ । त्यसले मानिसको मुखबाट निस्कने सङ्क्रामक छिटाबाट एक-अर्कालाई जोगाउँछ । यस्ता शिशालाई बारम्बार निर्मलीकरण गरिरहनुपर्छ ।



*युक्रेनमा मतको गोपनियताका लागि पर्दाको प्रयोग गरिएको छ । तर कोभिड-१९ को सङ्कटको समयमा कोरोना भाइरस विस्तार हुने सम्भावनालाई कम गर्न पर्दाको प्रयोग उपयुक्त नहुने हुँदा यसको प्रयोग गर्नु हुँदैन ।*

## लाम लाग्ने तथा प्रवेश र बाहिरने संहिताबारे ध्यान दिनुपर्ने कुरा

निर्वाचनको दिन धेरै मानिस भेला हुने भएकाले यो उच्च जोखिमयुक्त समय पनि हो । सामाजिक जमघटमा भौतिक दूरी कायम गर्नुपर्ने सामान्य मान्यता हो । माथि नै भनिए अनुसार, निर्वाचनको दिनमा लाममा उभिँदा भौतिक दूरी कायम गर्नेबारे विशेष प्रावधान राख्नुपर्छ । छ फिटको फरकमा सानो सानो गाँठो पारिएको डोरी वा रिबन टाँग्नुपर्छ, जसबाट उचित दूरी कायम गरी मतदाता लाममा उभिएका अनुगमन गर्न सहज होस् । भुइँमा टेप टाँसेर उभिने दूरी सङ्केत गर्ने गर्नु अझ उत्तम उपाय हो । यसो गर्दा डोरी छुनुपर्दैन । शिक्षाप्रद पोष्टरहरू लाममा उभिएका मतदातालाई लक्षित गरेर भौतिक दूरी र भाइरस सर्ने माध्यम आदिका बारेमा केन्द्रित हुनुपर्छ ।

लाममा उभिँदा पालना गर्नुपर्ने भौतिक दूरीसम्बन्धी निर्देशिका कार्यान्वयन गर्ने जिम्मेवारी मतदान कर्मचारीलाई दिनुपर्छ ।

निर्वाचनको समयमा व्यक्ति-व्यक्तिबीचको सम्पर्कबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि निर्वाचन व्यवस्थापन निकायले मतदान गर्ने ठाउँमा सुरुदेखि अन्त्यसम्म बाटो निर्दिष्ट गर्ने संहिता (प्रोटोकल) तयार गर्ने सम्बन्धमा सोच्नुपर्छ । कोभिड-१९ को सन्दर्भमा यो संहितामा मतदान स्थलमा प्रवेश गर्दा वा मतदान गर्नु र बाहिरिनु अघि (थप सचेतना स्वरूप) हात सफाई गर्ने व्यवस्थालाई समावेश गर्नुपर्छ । सिङ्गो निर्वाचन प्रक्रियामा मानिसको श्वास-प्रश्वासका क्रममा निस्कने छिटा (बुँद) लाई नियन्त्रण गर्न नाक-मुख छोप्न मतदातालाई प्रेरित गर्नुपर्छ । व्यावसायिक मास्क अभाव भएमा घरमै निर्मित सुती कपडा (कटन) को मास्क प्रयोग गर्न सकिन्छ ।

कोभिड-१९ लागेको पत्ता लागेका (निदान भएका) र मतदानका लागि जान सक्ने मानिसलाई बेग्लै मतदान गर्न निर्देशन दिनुपर्छ । उनीहरूका लागि बेग्लै लामको व्यवस्था गर्न सकिन्छ । स्वस्थ मानिससँगको सम्पर्क हटाउनका लागि उनीहरूका लागि बेग्लै समय छुट्याउन पनि सकिन्छ । यी मतदान केन्द्रमा खटाइएका मतदान कर्मचारीलाई प्रयोग गरेपछि फाल्न मिल्ने थप गाउन र अनुहार जोगाउने मेडिकल कवज जस्ता व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) उपलब्ध गराइनुपर्छ । मतदान कर्मचारीहरूले यस्तो जिम्मेवारी सहजै स्वीकारेको र उनीहरूले विभिन्न किसिमा प्रोत्साहन पाएको निर्वाचन व्यवस्थापन निकायले सुनिश्चित गर्नुपर्छ ।

निर्वाचन व्यवस्थापन निकायले जोखिममा रहेका मतदातालाई मतदानका लागि बेग्लै समय छुट्याउन सक्छ । उनीहरू (मतदाता) ले सार्वजनिक स्थलमा खर्चने समय घटाउन विशेष लामको व्यवस्था गर्न पनि सकिन्छ ।

## मतदाताको रुजु तथा मतदानबारे ध्यान दिनुपर्ने कुरा

विभिन्न देशमा मतदाताको जाँच गर्ने प्रक्रियामा भिन्नता छन् । मतदान गर्ने विधिहरू पनि फरक छन् । उदाहरणका लागि, मतदाताको जाँच विधिमा औँठाछापको स्क्यानिङ गर्ने, मतदाता परिचयपत्र प्रस्तुत गर्ने तथा मतदाता सूचीमा हस्ताक्षर गर्ने । मतपत्र खसालेर वा विद्युतीय मेसिन प्रयोग गरेर मतदान गर्न सकिन्छ । प्रायः यी सबै विधिमा वस्तुहरूलाई छुनुपर्ने हुन्छ । हातले छुनुपर्ने जाँच र मतदानको परिपाटी अन्त्य गरेर छुनु नपर्ने परिपाटी सिफारिसयोग्य छ । यसले सङ्क्रमित मानिसले वस्तुहरू छुनु नपर्ने सुनिश्चित गर्छ । सङ्क्रमण तुल्याउने भाइरस भएका वस्तुहरूबाट अरू मानिस सङ्क्रमित हुनुभन्दा अगाडि नै त्यसलाई निर्मलीकरण गरिएको सुनिश्चित गर्नुपर्छ ।

अनावश्यक छुवाइलाई छल्न मतदाताले आफू जानुपर्ने निर्धारित ठाउँमा जानु अघि आफ्नो मतदाता परिचयपत्र टेबल वा सफा ठाउँमा राख्ने संहिता बनाउनु आवश्यक छ । यसो गर्दा मतदान कर्मचारीले कसैलाई पनि नछोइकन नाम, तस्बिर तथा हस्ताक्षर रुजु गर्न सक्छन् । मतदाता रुजुका लागि हस्ताक्षर आवश्यक परेमा वा मतपत्रमा चिह्न लगाउनु परेमा निर्वाचन व्यवस्थापन निकायले प्रयोग गरेपछि फाल्न मिल्ने कलम उपलब्ध गराउन सक्छन् । मतदातालाई आफ्नो साथमा कलम ल्याउन वा प्रयोगपछि निर्मलीकरण गर्न प्रेरित गर्नु पनि बेठीक होइन । तर, यसमा बढी समय खर्च हुन्छ । मतदानको प्रक्रिया सुरु हुनु अघि मतदाताले आफ्नो हात सफा गर्नु (निर्मलीकरण गर्नु) आफूलाई सङ्क्रमणबाट जोगाउने उपाय हो । हात सफा गरेपछि हात पूरै सुक्न दिनुपर्छ, अन्यथा कागज बिग्रन सक्छ ।



मतदान कर्मचारी वा मतदाताले नउड्ने मसी सीधै प्रयोग गर्न सक्छन् । यसो गर्दा मानव-मानवबीच सीधा सम्पर्क हटाउन सकिन्छ । यस्तो विधिलाई प्राथमिकता दिनु राम्रो हुन्छ ।

धेरैजसो बायोमेट्रिक स्क्यानर तथा विद्युतीय मतदान यन्त्र प्रयोग गर्दा मतदाताले स्क्रिन छुनुपर्ने हुन्छ । बायोमेट्रिक मतदाता पञ्जीकरण दर्ता) उपकरणमा झैं कुन उत्पादनलाई कुनै क्षति नपुऱ्याइकन कसरी निर्मलीकरण गर्न सकिन्छ भन्नेबारे जानकारी पाउनका लागि निर्वाचन व्यवस्थापन निकायले सामान उत्पादकसँग सम्पर्क गर्नुपर्छ ।छुनु नपर्ने औँठाछाप प्रविधि र अनुहार पहिचान गर्ने उपकरण उपयुक्त विकल्प हुन् किनभने तिनमा वस्तुहरूलाई छुनुपर्दैन । विद्युतीय मतदान यन्त्रमा सामान्यतया मतदाताले स्क्रिन वा बटनमा छुनुपर्ने हुन्छ । यसर्थ निर्वाचन व्यवस्थापन निकायले यसलाई क्षति नपुऱ्याइकन निर्मलीकरण गर्न सिक्नुपर्छ । सतहलाई छुनबाट बच्नका लागि प्रयोगपछि फाल्न मिल्ने सुरक्षात्मक फिल्म वा कवच प्रयोग गर्न सकिन्छ ।

अन्त्यमा, मतदाताले मतदान गरेको पहिचान गर्न नमेटिने मसी प्रयोग गर्ने हो भने निर्वाचन व्यवस्थापन निकायले उनीहरूलाई सिफारिस गरिएको कुनै एक विधि प्रयोग गरेर आफ्ना हात निर्मलीकरण गर्न प्रोत्साहित गर्नुपर्छ । औँलामा मसी लगाउनु अघि हात पूरै सुकेको हुनुपर्छ । मतदाताले आफ्नो हात निर्मलीकरण गर्नुअघि मसी सुक्न दिनुपर्छ । सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायले मतदान कर्मचारीको सहयोग आवश्यक नपर्ने वा मतदाता स्वयंले प्रयोग गर्न सक्ने भाँडोमा भएको मसीलाई प्राथमिकता दिनुपर्छ । यसले मतदान कर्मचारी र मतदाताबीचको सीधा सम्पर्कलाई घटाउँछ ।[48]

## मतदातालाई सहयोग गर्दा ध्यान दिनुपर्ने कुरा

केही मतदाता (खासगरी अपाङ्गता भएकाहरू मतदाता) लाई सहयोगी उपकरण वा मतदान गर्ने सहयोगी व्यक्ति आवश्यक पर्नसक्छ । यदि अपाङ्गता भएका मतदाताहरूलाई स्वतन्त्रतापूर्वक र गोप्य किसिमले मतदान गर्न सघाउनका लागि हेडफोन, छोएर थाहा पाइने मतपत्रसम्बन्धी निर्देशिका र अरू सहयोगी उपकरण प्रयोग गर्न दिइएको हो भने तिनीहरूलाई प्रत्येक मतदाताले प्रयोग गरेपछि राम्रोसँग निर्मलीकरण गर्नुपर्छ । कुनै मतदातालाई अर्को व्यक्तिको सहयोगबारे अनुरोध भई आएको हो भने यस्तो अवस्थामा भौतिक दूरी कायम गर्न सम्भव हुँदैन । यस्तो अवस्थामा सहयोगी र मतदाता दुवैले फेस मास्क वा कवच जस्ता व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) प्रयोग गर्नुपर्छ । दुवैले मतपत्र खसाल्नु अघि र पछि आफ्ना हात निर्मलीकरण गर्नुपर्छ ।



नेपालमा वृद्धा महिला मतदान गर्न महिलाको सहयोग लिँदै । सहयोग गर्ने बेलामा भौतिक दूरी कायम गर्नुपर्ने नियम सधैँ पालना गर्न सकिँदैन । यस्तो बेलामा व्यक्तिगत सुरक्षा उपकरण पीपीई प्रयोग गर्न सिफारिस गरिन्छ ।

## शौचालय प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा

धेरै मानिसको जमघट हुँदा शौचालय प्रयोग गर्ने कुराले एउटा बेग्लै चुनौती खडा गर्छ । शौच कार्य रोक्न नसकिने मानवीय व्यवहार हो । यसबाट मानिसको शरीरबाट निस्कने तरल पदार्थ अन्य प्रयोगकर्तामा सर्ने सम्भावना रहन्छ । अस्वस्थ्य मानिसहरूले खोक्नका लागि पनि शौचालयको खोजी गर्छन् । सहजताका लागि बढी पहुँचयोग्य हात धुने व्यवस्था हुनुपर्छ । शौचालयमा भीडभाडबाट बच्नुपर्छ । हात निर्मलीकरणका लागि शौचालयको बाहिरपट्टि साबुन र पानी, अल्कोहलयुक्त सेनिटाइजर (तरल पदार्थ) को व्यवस्था हुनुपर्छ । यस्ता चीजको पहुँच र प्रयोगसम्बन्धी नियम पालना गर्नुहोस् । महिला प्रयोगकर्ताहरूलाई असहज नहोस् भन्नका लागि सांस्कृतिक मान्यता अनुसार शौचालयलाई लिङ्गका आधारमा विभाजन गर्नुहोस् । सम्भव छ भने तेस्रो लिङ्गका मानिसले प्रयोग गर्न सक्ने शौचालयको पनि व्यवस्था गर्नुहोस् । हात राम्रोसँग कसरी सफा (निर्मलीकरण) गर्ने भन्नेबारे तयार पारिएको निर्देशन उपयुक्त ठाउँमा टाँस्नुहोस् ।

## मतदान केन्द्रको सुरक्षाबारे ध्यान दिनुपर्ने कुरा

धेरै मुलुकले निर्वाचनको अवधिभरि शान्ति र सुव्यवस्था कायम गर्न सुरक्षा टोली (दस्ता) परिचालन गर्छन् । सार्वजनिक स्वास्थ्यमा सङ्कट आएको समयमा मतदाताले तनाव र डर अनुभूत गर्ने भएकाले सुरक्षा दस्ताको काम जटिल बन्न सक्छ । यसबाट द्वन्द्व बढ्ने अवस्था पनि आउन सक्छ । हरेक व्यक्तिले स्वास्थ्यमा जोखिम निम्त्याउन सक्छ भन्ने मान्यताले तनाव बढाउन सक्छ । मतदाता तथा उम्मेदवारहरूले यसबाट अनावश्यक तनाव नलिऊन् भन्नेबारे निर्वाचन व्यवस्थापन निकाय सचेत हुनुपर्छ । जोखिम न्यूनीकरणबारे उपयोगमा ल्याइएका उपायबारे सुरक्षा दस्तालाई विशेष तालिम दिइनुपर्छ । यस क्रममा सुरक्षा दस्ता र उल्लङ्घनकर्ताहरूको स्वास्थ्यमा जोखिम नपारीकन कसरी यी उपाय लागू गर्न सकिन्छ भन्नेबारे ध्यान दिइनुपर्छ । भौतिक दूरी वा अन्य नियम लागू गर्ने क्रममा अनावश्यक बल प्रयोग नगर्नु अर्थपूर्ण हुन्छ ।

## फोहोर व्यवस्थापनबारे ध्यान दिनुपर्ने कुरा

आजको मितिसम्म स्वास्थ्य सेवा प्रदान गर्दाका क्रममा निस्किएका फोहोर, मानिस वा वस्तुलाई निर्मलीकरण गर्न प्रयोग गरिएका वस्तु र एक पटक प्रयोग गरेर फालिने वस्तु (जस्तै : डिस्पोजेबल कलम, सुरक्षात्मक फिल्म आदि) बाट कोभिड-१९ सरेको प्रमाण भेटिएको छैन । यद्यपि, यिनीहरूलाई सम्भावित जीवाणुयुक्त वस्तु मान्नुपर्छ र उपयुक्त किसिमले सङ्कलन गरी निश्चित कन्टेनर वा ब्यागमा राख्नुपर्छ ।[49] सम्भावित सङ्क्रामक फोहोरलाई देशको स्वास्थ्य निर्देशिकाबमोजिम व्यवस्थापन गर्नुपर्छ । टिस्यु पेपर, निसङ्क्रमणका लागि प्रयोग गरिएका पुछ्ने वस्तु, पञ्जा, मास्क, एक पटक प्रयोग गरेर फाल्न मिल्ने कलम, सुरक्षात्मक फिल्म तथा अन्य फोहर वस्तुहरूलाई उचित किसिमले कन्टेनर वा ब्यागमा राख्नुपर्छ । मतदान कर्मचारी र फोहोर वस्तु सङ्कलन गर्ने सफाइकर्मीहरूले उच्च सुरक्षायुक्त पञ्जा र मास्क लगाउनुपर्छ । यी फोहर वस्तुलाई नजिकैको फोहर राख्ने ठाउँ वा सङ्क्रामक फोहोर राख्ने ठाउँ वा अन्य यस्तै ठाउँमा लैजानुपर्छ । यस प्रक्रियालाई स्थानीय स्वास्थ्य अधिकारीको प्रत्यक्ष निर्देशनमा जानकारी गराउनुपर्छ ।

## मतदानको दिन (अवधि) बढाउनेबारे ध्यान दिनुपर्ने कुरा

अगाडि नै भनिए जस्तै मतदान केन्द्रमा लाममा उभिँदा तथा अन्य प्रक्रियामा सामेल हुँदा मानिस एक अर्काको सम्पर्कमा आउने वा मासिनको नाक-मुखबाट निस्कने छिटा (बुँद) सर्ने उच्च जोखिम रहन्छ । कसैको पनि मताधिकार हनन नहुने गरी मानिसको सङ्ख्या कम गरिएमा यी तमाम प्रक्रियामा भौतिक दूरी कायम गर्न सजिलो हुन्छ । कानुनी प्रावधानले साथ दिएमा मतदान केन्द्रमा हरेक दिन थोरै मानिस भेला हुने गरी निर्वाचन

व्यवस्थापन निकायले मतदानको समय लम्ब्याउन सक्छ । उदाहरणका लागि, निर्वाचन व्यवस्थापन निकायले मतदान केन्द्रमा सन्तुलित किसिमले मतदाता आउने गरी नामको पहिलो अक्षर (वर्णानुक्रम) वा ठेगानाका आधारमा उनीहरूलाई विभाजन गर्न सक्छन् ।

### हुलाकबाट पठाइने मतपत्र, ड्रप-अफ मतपत्र र अनुपस्थित मतपत्रबारे ध्यान दिनुपर्ने कुरा

देशको कानुनी ढाँचाले दिएमा लाम हटाउन र सङ्क्रमणको खतराबाट जोखिन मतदातालाई मतपत्र हुलाकबाट पठाउने वा हिँड्ने बाटोमा राखिएको मतपेटिकामा मत खसाउने व्यवस्था गर्न सकिन्छ । यस विधिबाट मतदाता र निर्वाचन अधिकारीलाई सङ्क्रमण हुने दर कम भएमा निर्वाचन व्यवस्थापन निकायले अझै केही थप कुराबारे पनि सोच्न सक्छ । उदाहरणका लागि, भाइरस र यस्तै जीवाणुहरू विभिन्न सतहमा निश्चित समयसम्म बाँच्न सक्छन् । यसको अर्थ हो, कतिपय जीवाणु मतपत्र वा खाममा रहन सक्छन् र यिनीहरूबाट मतदाता वा यस्ता सामग्री प्राप्त गरी प्रशोधन गर्ने मतदान कर्मचारी सङ्क्रमित हुन सक्छन् । कोरोना भाइरसको सन्दर्भमा नयाँ अध्ययनले यो भाइरस कागजमा तीनदेखि पाँच दिनसम्म बाँच्न सक्छन् । यद्यपि, केही दिनपछि सक्रिय भए पनि सक्रिय जीवाणुको मात्रा सुरुवाती भाइरसयुक्त सामग्रीको १.५ प्रतिशत जति हुन्छ ।[50] सचेतता स्वरूप मतदाताले मतपत्र र खाम चलाएपछि राम्रोसँग हात निर्मलीकरण गर्नुपर्छ । थुक लगाएरभन्दा पनि त्यत्तिकै बन्द गर्न मिल्ने वा भिजेको चम्चाको सहायताबाट खाम बन्द गर्नुपर्छ । यस्ता सामग्रीलाई पाँच दिनसम्म नछोइकन राख्नु अर्को विकल्प हुनसक्छ ।

# मतगणता तथा नतिजा व्यवस्थापन

### मतदान केन्द्रमा मतगणनाका समयमा मतपत्र तथा रुजुतालिका चलाउँदा ध्यान दिनुपर्ने कुरा

धेरै मुलुकमा मतदान कर्मचारीले मतपत्र हातले गणना गर्न थालेपछि निर्वाचन-नतिजाको मुख्य काम (हिस्सा) शुरु हुन्छ । त्यसपछि विभिन्न मतदान केन्द्रका नतिजा तालिकालाई एकत्रित गरिन्छ । यसपछि, निर्वाचन अधिकृतले निर्वाचन क्षेत्र अनुसार नतिजा घोषणा गर्छ । केही मुलुकमा विद्युतीय मतदान मेसिनले दिएको अभिलेख हेरेर मतसङ्ख्याको हिसाब गरिन्छ । त्यसलाई परीक्षण र एकत्रित गर्न केन्द्रीय कार्यालयमा पठाइन्छ । केही यस्ता दृष्टान्त छन्, जहाँ मतदाता आफ्नो रोजाइ कागजको मतपत्रमा व्यक्त गर्छन् । त्यसपछि त्यसलाई स्क्यान गरी प्रशोधन गरिन्छ ।



मतगणनाका क्रममा मतगणना कर्मचारीले प्रत्येक मतपत्रलाई उम्मेदवार वा दलका प्रतिनिधिलाई त्यस्तो मतपत्र देखाउनुपर्छ । यतिबेला पनि दूरी भने कायम गर्नुपर्छ ।

जहाँ मतदान केन्द्रमा कर्मचारीहरू बसेर मतपत्र गणना गर्छन्, त्यहाँ उनीहरूको सुरक्षाका लागि सामान्य प्रक्रियामा धेरै समायोजन गर्नुपर्छ । एउटा ध्यान दिनुपर्ने कुरा के हो

भने मतपत्र गणना गर्ने क्रममा जाँचकीहरूबीच भौतिक दूरी कायम गर्नुपर्छ । दलका प्रतिनिधि (एजेन्ट) तथा पर्यवेक्षककहरूले पनि नतिजा व्यवस्थापनका गम्भीर पाटोमा आफ्नो भूमिका निर्वाह गर्छन् । मतपत्रलाई सम्बन्धित खातमा राख्नुभन्दा अघि नछोइकन उनीहरूलाई हरेक मतपत्र देखाउनुपर्छ ।

## मतपत्र र निर्वाचनसँग सम्बन्धित सामग्रीहरू ढुवानी गर्दा ध्यान दिनुपर्ने कुरा

सामान्यतया, नतिजा भएको कागजात (रिजल्ट सिट), मतदाता सूची तथा मतपत्र जस्ता संवेदनशील निर्वाचन सामग्रीहरू नतिजा एकत्रित गर्न र नतिजा प्रकाशन गर्ने प्रयोजनका लागि मतदान केन्द्रबाट सदरमुकामतर्फ ढुवानी गरिन्छन् । यस्ता सामग्री प्लाष्टिकले मोहोरिएको थैलोमा राखिन्छ र तिनलाई सिलबन्दी गरिएको मतपेटिकामा राखिन्छन् । यी सामग्री पारवहनका क्रममा मतदान केन्द्रका कर्मचारी, पर्यवेक्षक, दलका एजेन्ट र प्रहरीको संरक्षणमा रहन्छन् । यी संवेदनशील सामग्रीलाई गाडीमा राखेर लैजाँदा रोग सर्ने जोखिम हटाउन सरोकारवाला तथा सबै कर्मचारीले मास्क लगाउनुपर्छ । सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायले क्यामरा र जीपीएस ट्र्याकर प्रविधि जडान गर्नेबारे सोच्नुपर्छ । यसो गरिएमा पर्यवेक्षक तथा दलका एजेन्टहरूले निर्वाचन सामग्रीहरूको ढुवानीको अवस्थाबारे टाढैबाट अनुगमन गर्न सक्छन् ।

## नतिजा एकत्रित गर्ने प्रक्रिया तथा सुविधाबारे ध्यान दिनुपर्ने कुरा

सम्पूर्ण नतिजा एकत्रित गर्ने प्रयोजनका लागि केन्द्रमा निर्धारित स्थानमा नतिजा प्राप्त गर्ने, संशोधन गर्ने, जोड घटाउ गर्ने तथा ठूलो सङ्ख्याका मतदान केन्द्रबाट ल्याइएका निर्वाचन सामग्री भण्डारण गर्न ठूलो सङ्ख्यामा कर्मचारी आवश्यक पर्छ । कहिलेकाही सुरक्षाकर्मीको सङ्ख्या पनि पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सामान्यतया, नतिजा व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणमा भौतिक दूरी कायम गर्नु महत्वपूर्ण हुन्छ । मतदान केन्द्रका टोली आफ्ना सामग्री बुझ्ने कर्मचारीलाई हस्तान्तरण गर्ने क्रममा प्रायजसो हतारिन्छन्, जसबाट सामग्रीको थुप्रो लाग्दछ । सामग्रीहरू बुझाएपछि ती सामग्री परीक्षणकर्ता कहाँ पुग्छन् । हरेक सामग्रीको विवरण खुलाएर अभिलेख राखेपछि ती सामग्रीलाई वास्तविक रूपमा एकत्रित गर्नुभन्दा अघि अस्थायी रूपमा भण्डारण गरिन्छ । नतिजाहरूलाई एकत्रित गरी वैधता दिएपछि नतिजासम्बन्धी फाराममा सही गराइन्छ र त्यसलाई निर्वाचन व्यवस्थापन निकायको मुख्यालयमा पठाउन स्क्यान गरिन्छ । कतिपय मामिलामा निर्वाचन नतिजा एकत्रित गर्नका लागि अनलाइन प्रणाली उपयोग गरिन्छ । यी प्रक्रियामा धेरै कागजी फारामहरू परीक्षण र हस्ताक्षरका लागि हस्तान्तरण गरिन्छन् । यसैगरी, तथ्याङ्क प्रविष्टिका कम्प्युटर, नतिजा सम्प्रेषणका लागि स्क्यानर तथा पर्यवेक्षक एवं दलका एजेन्टहरूलाई नतिजा प्रकाशनको प्रगति देखाउन प्रोजेक्टर प्रयोग गरिन्छन् । यी तमाम प्रक्रियामा अघिल्ला खण्डहरूमा उल्लिखित (मानक सिफारिसहरू) भौतिक दूरी, हात तथा उपकरणको सफाइ ( निर्मलीकरण) र व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) को प्रयोगलाई कार्यरूपमा उतार्नुपर्ने हुन्छ ।

## अनुगमन तथा गुणस्तर नियन्त्रण

निर्वाचन व्यवस्थापन निकायको अनुगमन तथा मूल्याङ्कन गतिविधि कुन हदसम्म क्षति न्यूनीकरण विधि लागू गरिएको छ भन्नेमा केन्द्रित हुनुपर्छ । विशेषगरी, निर्वाचनको दिनमा घटना-केन्द्रित अनुगमनसम्बन्धी रुजुसूची (चेकलिष्ट) तयार गर्नुपर्छ र यो जिम्मेवारी तोकिएको निर्वाचन अधिकारीले पूरा गर्नुपर्छ । सम्भव भएसम्म उच्चस्तरको सुपरीवेक्षक) ले रुजुसूचीमा भएका जानकारीलाई स्थलगत रूपमै परीक्षण गर्नुपर्छ । यस हिसाबबाट गर्नुपर्ने कामको अनुगमन, तथ्याङ्क सङ्कलन पद्धतिबद्ध किसिमले केन्द्रीयस्तरबाट गर्न सकिन्छ । यसले पद्धतिमा रहेको कमजोरी पत्ता लगाउँछ र भविष्यमा आयोजना गरिने ठूला कार्यक्रमका लागि पाठ सिकाउँछ ।

जोखिम न्यूनीकरण विधिको प्रभावकारी प्रयोगबाट कोभिड-१९ सँग सम्बन्धित ठ्याक्कै कतिवटा मामिला हटाउन सम्भव भयो भन्ने पत्ता लगाउन सम्भव नभए पनि निर्वाचनको १४ दिनको अवधिमा भएका निर्वाचन गतिविधिमा भाइरस सर्ने कार्यमा योगदान पुगेको छैन भन्न सकिन्छ ।

# द्रष्टव्य


[1] Global Impact of COVID-19 on Elections. (March 20, 2020). Retrieved from https://www.ifes.org/publications/global-impact-covid-19-elections

[2] Buril, F. Darnolf, S. Low Voter Turnouts, Fear, Disinformation and Disrupted Supply Chains: How Election Commissions Are Unprepared for COVID-19 (2020, March 27). IFES. Retrieved from https://www.ifes.org/news/low-voter-turnouts-fear-disinformation-and-disrupted-supply-chains

[3] Keilman, J. (2020, April 13). "After Chicago poll worker dies from COVID-19 and others test positive, city warns voters they might have been exposed to virus at polling places. *Chicago Tribune*. Retrieved from https://www.chicagotribune.com/coronavirus/ct-chicago-poll-worker-dies-covid-cornavirus-20200413-rz-55vqpo6jfbxn7e4i6vkj6n2y-story.html

[4] Modes of transmission of virus causing COVID-19: implications for IPC precaution recommendations. (n.d.). World Health Organization. Retrieved from https://www.who.int/news-room/commentaries/detail/modes-of-transmission-of-virus-causing-covid-19-implications-for-ipc-precaution-recommendations

[5] How Coronavirus Spreads. (2020, April 13). U.S. Centers for Disease Control and Prevention. Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/prevent-getting-sick/how-covid-spreads.html

[6] Definitions: emergencies. (2014, November 17). World Health Organization. Retrieved from https://www.who.int/hac/about/definitions/en/

[7] Rosenthal U, Charles MT, & 't Hart, P. (Eds). (1989). *Coping with crises: the management of disasters, riots and terrorism*. Springfield: Charles C. Thomas.

[8] Marisam, J. (2010). Judging the 1918 election. *Election Law Journal*, 9(2), 141-152.

[9] Banbury, A. (2020, April 8). Opinion: Elections and COVID-19 - what we learned from Ebola. *Devex*. Retrieved from https://www.devex.com/news/opinion-elections-and-covid-19-what-we-learned-from-ebola-96903

[10] Delury, J. (2020, April 16). How Democracy Won the World's First Coronavirus Election. *New York Times*. Retrieved from https://www.nytimes.com/2020/04/16/opinion/south-korea-election-coronavirus.html

[11] Taylor, D. B. (2020, April 28). How the Coronavirus Pandemic Unfolded: a Timeline. *The New York Times*. Retrieved from https://www.nytimes.com/article/coronavirus-timeline.html

[12] WHO Director-General's opening remarks at the media briefing on COVID-19 - 11 March 2020. (n.d.). Retrieved from https://www.who.int/dg/speeches/detail/who-director-general-s-opening-remarks-at-the-media-briefing-on-covid-19---11-march-2020

[13] What is a coronavirus? World Health Organization Sri Lanka. Retrieved from https://www.who.int/docs/default-source/inaugural-who-partners-forum/coronavirus-poster-english-srilanka.pdf?sfvrsn=289dedc3_0

[14] Symptoms of Coronavirus. (2020, March 20). U.S. CDC. Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/symptoms-testing/symptoms.html

[15] Huang, P. (2020, April 13). What We Know About The Silent Spreaders Of COVID-19. *NPR*. Retrieved from https://www.npr.org/sections/goatsandsoda/2020/04/13/831883560/can-a-coronavirus-patient-who-isnt-showing-symptoms-infect-others

[16] Mandavilly, A. (2020, April 20). Infected but Feeling Fine: the Unwitting Coronavirus Spreaders. *The New York Times*. Retrieved from https://www.nytimes.com/2020/03/31/health/coronavirus-asymptomatic-transmission.html

[17] Columbia Health, & Columbia Health. (2020, March 26). COVID-19 (Novel Coronavirus): Frequently Asked Questions. Retrieved from https://preparedness.columbia.edu/news/2019-novel-coronavirus-frequently-asked-questions

[18] Symptoms of Coronavirus. (2020, March 20). Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/symptoms-testing/symptoms.html

[19] Modes of transmission of virus causing COVID-19: implications for IPC precaution recommendations. (n.d.). WHO Retrieved from https://www.who.int/news-room/commentaries/detail/modes-of-transmission-of-virus-causing-covid-19-implications-for-ipc-precaution-recommendations

[20] How Coronavirus Spreads. (2020, April 13). U.S. CDC. Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/prevent-getting-sick/how-covid-spreads.html

21 Based on inf ormation from Kampf G, Todt D, Pfaender S, Steinmann E. Persistence of coronaviruses on inanimate surfaces and their inactivation with biocidal agents. *J Hosp Infect*. 2020;104(3):246–251. doi:10.1016/j.jhin.2020.01.022. The longevity of the virus was measured at room temperature (20-22 °C or 68-72 °F)

22 Advice for public. (n.d.). WHO. Retrieved from https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/advice-for-public

23 Social Distancing, Quarantine, and Isolation. (2020, April 4). U.S. CDC. Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/prevent-getting-sick/social-distancing.html

24 Bourouiba, L. (2020). Turbulent gas clouds and respiratory pathogen emissions: potential implications for reducing transmission of COVID-19. Jama.

25 Frequently Asked Questions About Respiratory Hygiene/Cough Etiquette. Virginia Department of Health. Retrieved from https://www.vdh.virginia.gov/content/uploads/sites/3/2016/01/RespiratoryHygieneCoughEtiquette_FAQ.pdf

26 Interim recommendations on obligatory hand hygiene against transmission of COVID-19. (n.d.). WHO. Retrieved from https://www.who.int/who-documents-detail/interim-recommendations-on-obligatory-hand-hygiene-against-transmission-of-covid-19

27 Hand hygiene in health care in the context of Filovirus disease outbreak response. (2020, March 12). WHO. Retrieved from https://www.who.int/csr/resources/publications/ebola/hand-hygiene/en/

28 List N: Disinfectants for Use Against SARS-CoV-2. (2020, April 24). Retrieved from https://www.epa.gov/pesticide-registration/list-n-disinfectants-use-against-sars-cov-2

29 Chan, K. H., Peiris, J. S., Lam, S. Y., Poon, L. L. M., Yuen, K. Y., & Seto, W. H. (2011). The effects of temperature and relative humidity on the viability of the SARS coronavirus. *Advances in virology*, 2011

30 The legal aspects of election postponements are discussed in a forthcoming paper in this series, Legal and Constitutional Considerations for Postponing or Modifying Election Processes

31 Ellena, K. The Legal Quagmire of Postponing or Modifying Elections. (2020, April 14). IFES. Retrieved from https://www.ifes.org/news/legal-quagmire-postponing-or-modifying-elections

32 Lipsitch, M. (2020). Seasonality of SARS-CoV-2: Will COVID-19 go away on its own in warmer weather? Center for Communicable Disease Dynamics. Retrieved from https://ccdd.hsph.harvard.edu/will-covid-19-go-away-on-its-own-in-warmer-weather/

33 Global surveillance for COVID-19 caused by human infection with COVID-19 virus – Interim guidance. (2020, March 20). WHO. Retrieved from https://apps.who.int/iris/bitstream/handle/10665/331506/WHO-2019-nCoV-SurveillanceGuidance-2020.6-eng.pdf

34 Palca, J. (2020, March 6). Respirators Key To Coronavirus Battle But They Must Be Worn Correctly. *NPR*. Retrieved from https://www.npr.org/2020/03/06/812789168/respirators-key-to-coronavirus-battle-but-they-must-be-worn-correctly

35 Use Cloth Face Coverings to Help Slow Spread. (2020, April 13). U.S. CDC. Retrieved from https://www.cdc.gov/coronavirus/2019-ncov/prevent-getting-sick/diy-cloth-face-coverings.html

36 Groth, L., & Groth, L. (2020, April 8). Your Gloves Probably Aren't Helping You Prevent Coronavirus at the Grocery Store. Retrieved from https://www.health.com/condition/infectious-diseases/coronavirus/should-you-wear-gloves-to-the-grocery-store

37 Steussy, L., & Weiss, S. (2020, April 22). Why wearing gloves to the grocery store isn't fighting coronavirus. Retrieved from https://nypost.com/2020/04/22/why-wearing-gloves-to-the-grocery-store-isnt-fighting-coronavirus/

38 Rauhala, E. (2020, March 14). Some countries use temperature checks for coronavirus. Others don't bother. Here's why. *The Washington Post*. Retrieved from https://www.washingtonpost.com/world/coronavirus-temperature-screening/2020/03/14/24185be0-6563-11ea-912d-d98032ec8e25_story.html

39 Saey, T. H. (2020, April 16). COVID-19 may be most contagious one to two days before symptoms appear. Retrieved from https://www.sciencenews.org/article/coronavirus-covid-19-infection-contagious-days-before-symptoms-appear

40 In addition to the photograph, candidate registration applications often include information related to party affiliation, symbols, and proof of supporting signatures; and payment of candidate fees.

41 A comprehensive analysis of the relationship between COVID-19 and disinformation campaigns is upcoming in this series.

42 Niebaum, K., Cunningham-Sabo, L., & Bellows, L. (2015). Developing Effective Educational Materials Using Best Practices in Health Literacy. *Journal of Extension*, 53(4), n4.

43 How is the national electoral register created? (n.d.). International IDEA. Retrieved from https://www.idea.int/data-tools/question-view/735

44 Identity documents come in wide variety of designs and materials, including simple paper-based booklets, cold laminated temporary ID cards, and more traditional flexible polyvinyl chloride composites material. In some places, like Zimbabwe, national ID cards are made out of metal.

45 Vendor and Manufacturer Guidance on Cleaning Voting Machines and Other Election Technology: U.S. Election Assistance Commission. (n.d.). Retrieved from https://www.eac.gov/election-officials/vendor-and-manufacturer-guidance-cleaning-voting-machines-and-other-election

46 Behrens, C.; Rouan, R. (2020, March 12). Ohio elections boards frantically seeking poll workers due to coronavirus outbreak. *The Columbus Dispatch*. Retrieved from https://www.dispatch.com/news/20200312/ohio-elections-boards-frantically-seeking-poll-workers-due-to-coronavirus-outbreak

47 For a web-based accreditation process, see the 2019 Presidential election in Afghanistan (accessed April 19, 2020).

48 More details on mitigating the risks of using indelible ink can be found in IFES' article "Indelible Ink in Elections: Mitigating Risks of COVID-19 Transmission While Maintaining Effectiveness" Available at https://www.ifes.org/news/indelible-ink-elections-mitigating-risks-covid-19-transmission-while-maintaining-effec-tiveness

49 Water, sanitation, hygiene, and waste management for the COVID-19 virus: interim guidance, 19 March 2020. (1970, January 1). WHO. Retrieved from https://apps.who.int/iris/handle/10665/331499

50 How Long Does Coronavirus Last on Cardboard and Paper? (2020, April 10). Retrieved from https://www.uprinting.com/blog/how-long-does-coronavirus-last-on-cardboard-and-paper/

International Foundation for Electoral Systems

IFES | 2011 Crystal Drive | 10th Floor | Arlington, VA 22202 | www.IFES.org